# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## त्रिपुरासुन्दरी नगरपालिका

### डोल्पा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**


# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## त्रिपुरासुन्दरी नगरपालिका

### डोल्पा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## त्रिपुरासुन्दरी नगरपालिका

डोल्पा

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ११०

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू
त्रिपुरासुन्दरी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
डोल्पा ।

**कैफियत सहितको राय**

हामीले त्रिपुरासुन्दरी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.३ करोड ६१ लाख ३१ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध भई रु.२८ लाख ६१ हजार हटाई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.४४ लाख ६८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ९९ लाख ३१ हजार, नियमित गर्नुपर्ने रु.४७ लाख ७० हजार,सोधभर्ना नलिएको रु.१६ लाख ७१ हजार र पेश्की रू.२४ लाख ३० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.१५ करोड १४ लाख ८३ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१८ करोड ४७ लाख ५७ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( )

नायब महालेखापरीक्षक

त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ७० | १२० | ३६१३१ | ० | ३ | २८६१ | ७० | ११७ | ३३२७० | ४४६८ | ४७७० | १९९३१ | ० | १६७१ | २६३७३ | २४३० |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | २७ | अनुदान फिर्ता प्रमाण पेश | २३३१ |
| २ | ४३.३ | रमेश बहादुर रावतको पेश्की फस्योंट | १०० |
| ३ | ६४ | कृतिका कन्स्ट्रक्सन एण्ड सप्लार्यसको प्रमाण पेश | ४३० |
| | | **जम्मा** | **२८६१** |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| त्रिपुरासुन्दरी नगरपालिका डोल्पा | १५१४८३ | ० | ० | १५१४८३ | ४ | ३३२७४ | १८४७५७ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा , त्रिपुरासुन्दरी नगरपालिका , डोल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | पित्री भक्त गिरी | २०७८-४-१ | |
| कार्यालय प्रमुख | लाल प्रसाद पोखरेल | २०७८-१२-१ | |
| लेखा प्रमुख | hiralala k.c | २०७८-८-२७ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३३,२७४,०६२.८७ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १,९४,२८,८२२.६४ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३६,८१,९०,३२५ | **चालु खर्च** | २८,७६,३५,७७८.६ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,५५,९०,९९३ | **पूँजीगत खर्च** | १७,२१,४९,८८६ |
| **राजश्व बाँडफाँट** | ५,४९,८३,७०२.१३ | **वित्तीय/अन्य व्यवस्था** | ९,७६,४८,८८२.३१ |
| **आन्तरिक आय** | ३५,७८,७४४.६ | | |
| **अन्य आय** | ८,५०,९८,१६१ | | |
| **कुल आय** | ५५,७४,४१,९२५.७३ | **कुल खर्च** | ५५,७४,३४,५४६.९१ |

| बाँकी मौज्दात | | | | १,९४,३६,२०३.४६ |
|---|---|---|---|---|
| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरीकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ। यस नगरपालिका अन्तर्गत ११ वडा, ५६ सभा सदस्य, ३९३.४५ वर्ग किलोमिटर क्षेत्रफल तथा ११,६९२ जना जनसंख्या रहेको छ।<br><br>उल्लेखित कारोबारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्वपत्र एवं अनुबन्धनपत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने विद्यमान अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षणमा कठिनाई जस्ता सीमाहरु लेखापरीक्षणमा रहेका छन् । भौगोलिक विकटता, सिमित समय र कोभिड–१९ महामारीको कारण स्थलगत निरिक्षण गर्न सकिएन । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट् मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्र्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजना भित्र रही लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाइं प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षमा रहेको छ ।लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०७९।६।६ मा छलफल सम्पन्न भएको छ । छलफल पछि कायम भएका व्यहोरा | |

निम्नानुसार छन् ।

२

**स्थानीय संचित कोष :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | 19428824.64 | १ | चालु खर्च | 287635778.60 | 287635778.60 |
| | क) धरौटि मौज्दात | 1940392.65 | | २ | पूँजीगत खर्च | 172149886.00 | 172149886.00 |
| | | | | 3 | चालु खर्च - सुत्र बाहिर खर्च_ | ६३७६२५०.०० | ६३७६२५०.०० |
| | | | | 4 | पुजि खर्च - सुत्र बाहिर खर्च_ | १२२००५१३.३ | १२२००५१३.३ |
| | ख) बैंक | 15125955.95 | | 5 | विषयगत खर्च | | 83508049.00 |
| | ग) विपत्त | 93055.20 | | | क) | 12802000.00 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन खाता | | | | मख्यमन्त्रि रोगजार | | |
| | घ)कल्याण कोष | 1901270.20 | | | ख) सामाजिक सुरक्षा | 48141504.00 | |
| | ङ) मर्मत सम्भार कोष | 253750.64 | | | ग) गरिवसगँ विश्श्वर | 1255600.00 | |
| | च) प्रकोष व्यवस्थापन | 114400.00 | | | घ) उद्योग वन तथा पर्यटन | 4100000.00 | |
| २ | राजस्व ( आन्तरिक आय) | | 58562446.73 | | ङ)सामाजिक विकास मन्त्रालय | 893080.00 | |
| | क) आन्तरिक राजस्व | 3578744.60 | | | च)स्थानिय पुर्वाधार विकास | 13265865.00 | |
| | ख) राजस्व बाँडफाँड | 54983702.13 | | | छ) स्थानिय तह प्रशासकिय भवन | 3000000.00 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख) प्रदेश राजश्व | 0.00 | | | ज) आन्तरिक मामिला | 50000.00 | |
| | ग) अन्य कोष खाता | ००.०० | | 6 | लगानी | | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | 368190325.00 | | ऋण लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | 90600000.00 | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | 277590328.00 | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | 0.00 | | 7 | धरौटी फिर्ता | १२०८२८.०० | १२०८२८.०० |
| | घ) विशेष अनुदान | 00.00 | | 8 | मर्मत सम्भार फिर्ता | 49389.00 | 49389.00 |
| ४ | प्रदेश सरकारबाट प्राप्त | | 45590993.00 | 9 | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अनुदान | | | | | | |
| | क) वित्तिय समानीकरण अनुदान | 9299000.00 | | 10 | मौज्दात | | |
| | ख) सशर्त अनुदान | 17068841.00 | | | क) बैंक मौज्दात | 14703438.57 | 14703438.57 |
| | ग) समपुरक अनुदान | 16455057.00 | | | ख) नगद मौज्दात | | |
| | घ) विशेष अनुदान | 2768095.00 | | 11 | शसर्त अनुदान फिर्ता | | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | १2 | गत बर्षको बढी अल्या | 0 | 0. |
| ६ | विषयगत निकायबाट प्राप्त | | 83508049.00 | १3 | जनश्रमदान मौज्दात | | |
| | क) मख्यमन्त्रि रोगजार | 12802000.00 | | १4 | धरौट मौज्दात | 1829564.65 | 1829564.65 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख) सामाजिक सुरक्षा | 48141504.00 | | १5 | विविध खाताको मौज्दात | 528262.30 | 528262.30 |
| | ग) गरिवसगँ विश्श्रवर | 1255600.00 | | १6 | कल्याण कोष | 1963121.10 | 1963121.10 |
| | घ) उद्योग वन तथा पर्यटन | 4100000.00 | | १7 | प्रकोष व्यवस्थापन | 114400.00 | 114400.00 |
| | ङ)सामाजिक विकास मन्त्रालय | 893080.00 | | 18 | मर्मत सम्भार कोष | 204361.64 | 204361.64 |
| | च)स्थानिय पुर्वाधार विकास | 13265865.00 | | 19 | विपत्त व्यवस्थापन खाता | 93055.20 | 93055.20 |
| | छ) स्थानिय तह प्रशासकिय भवन | 3000000.00 | | 20 | कर दाखिला वाकि | **(**462904.99**)** | **(**462904.99**)** |
| | ज) आन्तरिक | 50000.00 | | 21 | कोष फिर्ता वाकि | **(**2330611**)** | **(**2330611**)** |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>मामिला</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>७</td><td>विविध खर्च खाता</td><td>१०२८२६२.००</td><td>१०२८२६२.००</td><td>22</td><td>प्रदेश कोष बाकि</td><td>(१८१२६३१)</td><td>(१८१२६३१)</td></tr>
<tr><td>८</td><td>कल्याण कोष</td><td>५६१८५०.०</td><td>५६१८५०.०</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>576870750.37</td><td></td><td>जम्मा</td><td></td><td>576870750.37</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>वित्तिय विवरण:<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । पालिकाले वितीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>जिम्मेवारी फरक परेको –<br><br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. 19428824.64 मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा पनि रु. 19428824.64 जिम्मेवारी सारेको देखियो ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>बैक हिसाब मिलान नगरेको –<br><br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम</td><td></td></tr>
</table>

मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको खाताको मासिक बैंक हिसाब मिलान विवरण तयार गरेको पाइएन । असार मसान्तमा पालिकाको सञ्चित कोषमा श्रेस्ता अनुसार बाँकी रु 10097291.58 र बैंक स्टेटमेण्ट अनुसार बाँकी रु 14703438.57 भइ रु 4606146.99 बैकमा वढी रहेको छ ।पालिकाले मासिक रुपमा बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्दछ ।

| खाताको नाम | श्रेस्ता अनुसार २०७९ असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०७९ असार मसान्तको बाँकी |
|---|---|---|
| सञ्चित कोष | 10097291.58 | 14703438.57 |
| चालु खाता | 0 | 0 |
| पूँजीगत खाता | 0 | 0 |
| मर्मत खाता | २०४३६१.६३ | २०४३६१.६३ |
| कल्याण कोष खाता | ११४४००.०० | ११४४००.०० |
| प्रकोप व्य कोष खाता | 0 | 0 |

नोटः श्रेस्ता र बैक अनुसार फरक रकम रु 4606146.99 सम्वन्धमा उक्त रकम यस आ.व.२०७८/0७९ को कोष तथा लेखा नियत्रक कार्यलयमा फिर्ता गर्ने रकम रू 2330611.00 र प्रदेश लेखा इकाइ कार्रयालय फिर्ता गर्ने रकम रु १८१२६३१.00 कर दाखिला गर्न बाकि रकम रु. 462904.99 रहेको भन्ने कार्यालयको भनाई रहेको छ ।

६

**शुत्र भन्दा वाहिर कारोवारः**

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । यस वर्ष पालिकाले शुत्र बाहिर बाट रु १८५७६७६३.३ बजेट खर्च लेखेको छ । आगामी वर्षहरुमा पालिकाले पूर्ण रुपमा शुत्रको

| | | | | |
|---|---|---|---|---|
| | | | अवलम्बन गर्नुपर्दछ । | |
| ७ | | | **कर दाखिला गर्न बाकीः**<br><br>पालिकाले यस आवमा कर कट्टी गरी दाखिला गर्न बाकी रकम रु 462904.99 सम्बन्धित खातामा जम्मा गर्नुपर्नेमा त्यसो नगरेकोले उक्त रकम दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु | ४६२,९०४.९९ |
| ८ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो,<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको पाइएन, | |

| | | | | |
|---|---|---|---|---|
| | | | • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,<br>• सार्वजनिक खरिद नियमावलि २०६४नियम ७ र ८ अनुसार खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन,<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरवन्दी स्वीकृत भएको छैन,<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन,<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| | | | | |
|---|---|---|---|---|
| ९ | | | **सूचना प्रविधी पद्दतिः**<br><br>सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण वातावरणका सम्बन्धमा निम्नानुसार देखिएकोः<br><br>:- कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको<br><br>:- सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको<br><br>:- सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको | |
| १० | | | **मर्मत अभिलेख खाता :**<br><br>सवारी साधन मर्मत गरेपछि फेरिएका सामान सहितको कूल खर्च देखिने गरी तोकिएको म ले प फाराम अनुसारको गत विगतदेखिको मर्मत खर्च देखिने गरी सवारी साधन मर्मत खाता अद्यावधिक गरी आन्तरिक नियन्त्रण चुस्त दुरुस्त हुनु पर्ने देखियो । | |
| ११ | | | **भ्रमण खर्च :**<br><br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय | |

| | | | | |
|---|---|---|---|---|
| | | | आधार नदेखिएको,<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको,<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको,<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको,<br>त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| १२ | | | **बजेट पेश, पारित र अख्तियारी -**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री चन्द्रा कुमारी बुढा मिति २०७८।०३।१० गते रु ५२ करोड ३४ लाख ९९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।३० मै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।५।३० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १३ | | | **बजेट सीमा निर्धारण समिति :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्ने ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका | |

| | | | | |
|---|---|---|---|---|
| | | | साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेपनि तोकिए बमोजिम कार्य भएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| १४ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br><br>स्थानीय<br>सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| १५ | | | **कल्याण कोष** –<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. ५६१८५० ट्रान्सफर गरेको छ । हालसम्म उक्त कोषमा रु १९६३१२१ रकम जम्मा भइसकेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु. | १,९६३,१२१ |
| १६ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** –<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार | |

| | | | | |
|---|---|---|---|---|
| | | | र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७६ दरबन्दी स्वीकृत रहेकोमा हालसम्म ४७ मात्र पदपूर्ति भएको पाइयो। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ पालिकाले कूल कर्मचारी दरबन्दी सिर्जना गरी उक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १७ | | | **कर्मचारी करार** –<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ११६ जना कर्मचारीहरु करारमा राखि रु. ३४५७४३५८ खर्च लेखेको छ । पालिकाले O&M गरी कामको विश्लेषण, आन्तरिक आय, सघंबाट भएको पूर्ति, स्थानीय निकायमा समायोजन, हाल करारमा रहेकाको स्थिति र दरबन्दीको विवरण तयार गरी अत्यावश्यक कर्मचारी मात्र पूर्ति गर्ने व्यवस्था मिलाउनुपर्नेमा सो बमोजिम नगरी करारमा कर्मचारी राख्नु उचित देखिएन । कानून बमोजिम मात्र कर्मचारी पदपूर्ति हुने कार्य हुनुपर्दछ । | |
| १८ | | | **कानून र सञ्चालन स्थिति** –<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८ ऐन, ४ नियमावली १० कार्यविधि ३ लगायत २५ कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ३३ कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेर राजपत्रमा प्रकाशन गरेको छ । | |
| १९ | | | **न्यायीक समिति** – | |

<table>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन कुनै पनि बाकी नरहेकोमा यो बर्ष १४ विवाद दर्ता भएकोमा १० वटा फस्यौंट भई ४ वटा बाँकी रहेका छन्न । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्चः<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र नियम ३६ मा त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।<br><br>
<table>
<tr><td rowspan="2">क्र.स.</td><td rowspan="2">बजेट उपशिर्षक</td><td rowspan="2">कुल खर्च</td><td colspan="4">चौमासिक खर्च</td></tr>
<tr><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेश्रो चौमासिक</td><td>आषाढ महिना</td></tr>
<tr><td></td><td>चालु खर्चतर्फ</td><td>२८७६३५.७७</td><td>६६०३५.१९</td><td>१०५३९३.९</td><td>११६२०६.६८</td><td>१०२६९.६९</td></tr>
<tr><td></td><td>पूँजिगत खर्चतर्फ</td><td>१७२१४९.८८</td><td>५७३८३।२९५</td><td>५७३८३.२९५</td><td>५७३८३।२९५</td><td>१३५४०६.३३</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४५९७८५.६५</td><td>१२३४१८.१९</td><td>१६२७७७.२०</td><td>१७३५८९.९९७</td><td>१४५६७६.०२</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td></td><td>प्रतिशत</td><td></td><td>२६.८४</td><td>३५.४०</td><td>३७.७५</td><td>८३.९१</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रू. ४५९७८५.६५निकासा भएकोमा प्रथम चौमासिकमा रु. १२३४१८.१९ अर्थात २६.८४ प्रतिशत, दोश्रो चौमासिकमा रु. १६२७७७.२० अर्थात ३५.४० प्रतिशत र तेश्रो चौमासिकमा रु. १७३५८९.९९७, अर्थात ३७.७५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु १४५६७६.०२अर्थात ८३.९१ प्रतिशत खर्च देखिएको छ । नियमावलीमा भएको व्यवस्था अनुसार स्वीकृत कार्यक्रम बमोजिम त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।
</td>
<td></td>
</tr>
<tr>
<td>२१</td>
<td></td>
<td></td>
<td>
डोजर मर्मत तथा आम्दानी :<br><br>
पालिकामा रहेको डोजरको मर्मत तथा ईन्धनमा यो साल कार्यालयले रु. २० लाख खर्च गरेकोमा उक्त डोजर भाडामा लगाएबापत कार्यालयले रु ४ लाख मात्र आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको खासै प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ ।
</td>
<td></td>
</tr>
<tr>
<td>२२</td>
<td></td>
<td></td>
<td>
क्षेत्रगत बजेट र खर्चको स्थितिः<br><br>
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><td rowspan="2">क्र.स</td><td rowspan="2">क्षेत्र</td><td rowspan="2">बजेट</td><td rowspan="2">खर्च</td><td>खर्च प्रतिशत</td></tr>
<tr><td>जम्मा खर्चको तुलनामा</td></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>४८८२१२४१.५६</td><td>४५७०४८१७</td><td>९.८६</td></tr>
</table>
</td>
<td></td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>१२८०६५३२९.३८</td><td>१०६७०५१२२</td><td>२३.०४</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>२४५३०१५१०.४१</td><td>२२६५५१७९४</td><td>४८.२२</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>३३५००००</td><td>३२९४६४४</td><td>०.७१</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>१३९६५६००.०४</td><td>१३२४२४४२</td><td>२.८५</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>८७३४५९६०.६१</td><td>६७५८१४८९.६०</td><td>१४.५९</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५२६८४९६४२</td><td>४६३०८०३०९</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४८.२२ प्रतिशत र बातावरण तथा विकासमा सबै भन्दा घटीमा ०.७१ प्रतिशत रहेको छ ।
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>खर्च बिश्लेषणः<br><br>पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. ३५७८७४४.६० राजस्व बाँडफाँडबाट रु ५४९८३७०२.१३ र अनुदानबाट रु ४१३७८१३१८ समेत रु ४९७२८९३६७ आम्दानी भएकोमा चालु तर्फ रु. २८७६३५७७८.६० र पूँजिगत तर्फ रु. १७२१४९८८६ गरी रु ४५९७८५६६४.४६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.७७ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु १२९०३५०० खर्च भएको छ जुन आन्तरिक आयको ३६० प्रतिशत खर्च रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट प्रतिशत चालु ६२.५५ र ३५.१४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>वडा सचिवः</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।
<table>
<tr><th>वडा संख्या</th><th>वडा सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त संख्या</th></tr>
<tr><td>११</td><td>११</td><td>२</td><td>९</td></tr>
</table></td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन :<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १०-50 लाख सम्म</th><th>50 लाख भन्दा बढी</th><th>जम्मा</th></tr>
<tr><td>२</td><td>६</td><td>२४</td><td>२२</td><td>४१</td><td>३२</td><td>१२७</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु १ लाख देखि १ करोड २५ लाख सम्मका जम्मा १२७ वटा योजना संचालनमा गरेकोमा रु. १ लाख भन्दा मुनिका मात्र २ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| २७ | | | **अनुदान फिर्ता** – <br><br> संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको रकम फिर्ता गर्नुपर्ने रु | १,८१२,६३१ |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| प्रदेश सरकार | शसर्त | 17068841 | 16816531 | 0 | 252310 |
| | विषेश | 2768095 | 2768095 | 0 | 0 |
| | समपुरक | 16455057 | 14894736 | ० | 1560321 |

<table>
<tr><td></td><td></td><td></td><td>
<table><tr><td></td><td>अन्य</td><td></td><td></td><td></td><td></td></tr></table>
(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयबाट रु.२३३०६११।- सम्परीक्षण गरिएको ।)
</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>
खाना तथा विविध खर्च –
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. ३९७०२१६ खर्च गरेको छ । पालिकामा हुने यस्ता किसिमका खर्च नियन्त्रण गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>
पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च –
पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने र कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. ५२७८४० भुक्तानी दिएको पाईयो ।
<table>
<tr><th>सि.नं.</th><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>मुकुटेश्वर मा वि</td><td>शिक्षकको तलब भत्ता</td><td>३१५०००</td></tr>
<tr><td>२</td><td>मष्टा मा वि</td><td>शिक्षकको तलब भत्ता</td><td>२१२८४०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>५२७८४०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><td>३०</td><td></td><td></td><td>आर्थिक सहायताः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष ९७ जनालाई रु. ९४७००० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>पेश्की बाकीः<br><br>आर्थिक कार्यविधि तथा वित्तिय नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की फर्छ्यौट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार समयमा पेश्की फर्छ्यौट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार रु.२४२९६९१ पेश्की फर्छ्यौट नभई बाँकी रहेकोले नियमानुसार फर्छ्यौट हुनुपर्ने रु
<table>
<tr><th>सिन</th><th>पेश्की लिनेको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td colspan="4">क) कर्मचारी पेश्की</td></tr>
<tr><td>१</td><td>पितृ भक्त गिरी</td><td>कर्मचारी भ्रमण</td><td>२३८५५</td></tr>
<tr><td>२</td><td>पितृ भक्त गिरी</td><td>विविध खर्च</td><td>२३८३६</td></tr>
<tr><td>३</td><td>विश्वरुप बुढा</td><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>२०००००</td></tr>
<tr><td>४</td><td>विश्वरुप बुढा</td><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>२०००००</td></tr>
</table></td><td>२,४२९,६९१</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| ५ | अमर बहादुर बस्नेत | मसलन्द तथा कार्यालय सामाग्री | १५०००० |
| ६ | अमर बहादुर बस्नेत | मसलन्द तथा कार्यालय सामाग्री | १००००० |
| ७ | विश्वरुप बुढा | मसलन्द तथा कार्यालय सामाग्री | १२०००० |
| जम्मा | | | ८१७६९१ |
| संस्थागत पेश्की | | | |
| १ | दलित संघर्ष समिति | दलित आयआर्जन कार्यक्रम | ३००००० |
| जम्मा | | | ३००००० |
| व्याक्तिगत पेश्की | | | |
| १ | गोमा उपाध्याय | महिला आयआर्जन अनुदान | ३०००० |
| २ | मुगा मल्ल | इन्धन कार्यालय प्रयोजन | ३००००० |
| ३ | विर बहादुर वुढा | विविध खर्च | ५०००० |
| ४ | लक्ष्मीलाल थापा | मसलन्द तथा कार्यालय सामाग्री | १५०००० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>लक्ष्मीलाल थापा</td><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>१५००००</td></tr>
<tr><td>६</td><td>गोपा सार्की</td><td>सभा सञ्चालन खर्च</td><td>४६२०००</td></tr>
<tr><td>७</td><td>ज्ञानेन्द्र वि क</td><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>७००००</td></tr>
<tr><td>८</td><td>लक्ष्मीलाल थापा</td><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>१०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१३१२०००</td></tr>
<tr><td colspan="3">कूल जम्मा</td><td>२४२९६९१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>
कानुनी सल्लाहकार<br><br>
कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर पालिकाको कानुनी सल्लाहकारका रुपमा तलब भत्ता भुक्तानी हुने गरी श्री पुर्ण प्रसाद हमाललाई नियुक्त गरी मासिक रु.३२२००।०० का दरले रु.३८६४००।०० भुक्तानी भएको छ । नियमावलीमा भएको व्यवस्था विपरीत तलब भत्ता भुक्तानी भएको रकम अनियमित देखिएको रु
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>३२.१</td><td></td><td>०</td></tr>
</table>
</td><td>३८६,४००</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>लक्ष्य प्रगति :</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><td rowspan="2">कार्यक्रम/योजना संख्या</td><td rowspan="2">यो बर्ष खर्च</td><td colspan="4">वार्षिक प्रगति स्थिती</td></tr>
<tr><td>शून्य प्रगती</td><td>२५%सम्म प्रगति</td><td>५०% सम्म प्रगति</td><td>७५% सम्म प्रगति</td></tr>
<tr><td>१२७</td><td>१७२१४९८८६</td><td>०</td><td>०</td><td>४</td><td>१२३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>
सवारीसाधन खरिद –<br><br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले यस वर्ष १ थान दुई पांग्रे सवारि साधन खरिदमा रु. ४५०००० बजेटबाट खर्च गरेको छ ।
</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>
स्थानीय तहका पदाधिकारी सुविधा :<br><br>
कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित भई काम कारबाही शुरु गरेको मिति देखि अनुसुची १ र २ मा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी स्थानीयतहको आन्तरिक श्रोतको आधारमा सुविधा पाउने व्यवस्था छ । पालिकाबाट पदाधिकारी सुविधामा यस वर्ष रु. १२९०३५०० भुक्तानी भएको छ ।
</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ३६ | | | **सेवाप्रवाहको स्थिति :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० | ० |
| पञ्जिकरणतर्फ | | |
| जन्मदर्ता | 682 | 682 |
| मृत्युदर्ता | 99 | 99 |
| बसाईसराई दर्ता | 52 | 52 |
| विवाह दर्ता | 180 | 180 |
| सम्बन्धविच्छेद दर्ता | 1 | 1 |
| पूर्वाधार विकास सडक निर्माण | ० | ० |
| कालोपत्रे सडक निर्माण | ० | ० |
| कालोपत्रे सडक मर्मत | ० | ० |
| ग्राभेल सडक निर्माण | ० | ० |

| | | |
|---|---|---|
| ग्राभेल सडक मर्मत | ० | ० |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन

३७

**डी पी आर खर्च** –

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

| कार्य विवरण | परामर्श दाता | स्वीकृत रकम | खर्च रकम | अध्यानबाट निर्धारण भएको लागत अनुमान |
|---|---|---|---|---|
| विभिन्न योजना | डाइनामिक कन्ट्रक्सन एण्ड कन्सल्टेन्सी टोखा काठमाडौ | ... | १८७२३९० | नखुलेको |
| रंगशाला निर्माण | कम्प्लेक्स स्टडी एण्ड रिसर्च सेन्टर हनुमानस्थान काठमाडौ | ... | ४००००० | नखुलेको |
| त्रिपूराकोट सुलिगाड सडक | नेपाल डिजाइन सेल एण्ड इन्जिनियरिङ सर्भिस सुर्खेत | ९००००० | ७६२९९९ | ४९२१९९२४२ |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>प्रारम्भिक वातावरण अध्ययन</td><td>नेपाल डिजाइन सेल एण्ड इन्जिनियरिङ सर्भिस सुर्खेत</td><td>६४५०००</td><td>४९७९९९</td><td></td></tr>
<tr><td>महादेव मन्दिर तथा भ्यू टावर निर्माण</td><td>नेपाल डिजाइन सेल एण्ड इन्जिनियरिङ सर्भिस सुर्खेत</td><td>१२६४०००</td><td>९०००००</td><td>५७३९७०५९</td></tr>
<tr><td>वर्थिङ सेन्टर वडा नं ४,८ र ११</td><td>नेपाल डिजायन सेल एण्ड इन्जिनियरिङ सर्भिस सुर्खेत</td><td>१३०००००</td><td>११९९९९८</td><td>७६७२३२२</td></tr>
<tr><td>खेल मैदान त्रिपुराकोट IEE समेत</td><td>डाइनामिक कन्ट्रक्सन एण्ड कन्सल्टेन्सी टोखा काठमाडौ</td><td>…</td><td>२२७००००</td><td>नखुलेको</td></tr>
<tr><td>टसि रुम्जे गम्वा</td><td>नेपाल डिजायन सेल एण्ड इन्जिनियरिङ सर्भिस सुर्खेत</td><td>८९५०००</td><td>६४४९९९</td><td>२५००००००</td></tr>
<tr><td>चुगाड देखि पातिहाल्ना सम्म सडक निर्माण</td><td>नेपाल डिजाइन सेल इन्जिनियरिङ्क सर्भिस</td><td>८०००००</td><td>८०००००</td><td>६०१६९१४६६</td></tr>
<tr><td>नगर अस्पताल भवन</td><td>Dyanmic construction %26 Consultancy Pvt.Ltd</td><td>२००००००</td><td>१८७२३९०</td><td>नखुलेको</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>३८</td>
<td></td>
<td></td>
<td>अधुरा आयोजना –<br><br>आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली २०७६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका ३ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएकोले उपयुक्त देखिएन ।</td>
<td></td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>क्र.सं.</th><th>निर्माण कार्य</th><th>निर्माण व्यवसायी</th><th>संझौता मिति</th><th>सम्पन्न गर्नुपर्ने मिति</th><th>यो वर्ष सम्मको खर्च</th><th>भौतिक प्रगति</th></tr>
<tr><td>१</td><td>प्रशासकिय भवन</td><td>कुशेश्वर जिनिव जेभी</td><td>२०७७।१२।१२</td><td>२०७८।०५।१२</td><td>३०००</td><td>८५%</td></tr>
<tr><td>२</td><td>नगर सभा भवन</td><td>तामाकोशी जनमुखी जे भि</td><td>२०७७।११।०५</td><td>२०७८।१।५</td><td>४८२८०</td><td>१५%</td></tr>
<tr><td>३</td><td>नगर अस्पताल</td><td>रेलिगर बुद्ध हिमाली जे भि</td><td>२०७८।०२।२४</td><td>२०८०।०८।२४</td><td>६०००</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>खरिद कारवाही अभिलेखः<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२)बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ।कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ।अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ४० | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख :**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ ।पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ ।पालिकाले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा नराखेको हुदाँ कन्टीन्जेन्सी खर्च यकिन गर्न सकिएन । | |
| ४१ | | | **सफ्टवेयर खरिद -**<br><br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले तलबी पेरोल सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु. ४९५००० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । | |
| ४२ | | | **आन्तरिक लेखापरीक्षण शाखा :**<br><br>प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ४३ | | | **अन्य कार्यक्रमः** | |

| | | | | |
|---|---|---|---|---|
| ४३.१ | | | आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ ।३० औ नगर कार्यपालिकाको २०७८।३।९ को निर्णय अनुसार नगर प्रमुख संग कृषि उत्पादन (स्थानिय वालिनालि) मा आधारित प्रोत्साहन कार्यक्रम वापत रू.९५,९९,९९९।०० तथा महिला आय आर्जन अनुदान बाट रु.१०,००,०००।०० गरि रु.१,०५,९९,९९९।०० बजेट विनियोजन गरी कार्यविधि बनाई रमेश बहादुर रावतलाई पेश्की दिई २५९२ जना कृषकलाई रू.४,०००।०० का दरले रू.१,०३,६८,०००।०० नगद वितरण गरेको भरपाई संलग्न गरि पेश्की फस्यौंट गरेको छ । यसरी वितरण मुखी खर्च भन्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने रप्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाको कार्यविधि बनाई कार्यान्वयन गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ४३.२ | | | · उक्त कार्यक्रमको मिति २०७८ पुष ७ गते पेश्की वापत रकम व्यक्ति रमेश बहादुर रावतको खातामा रु.१,०५,९९,९९९।०० दाखिला<br>गरेकोमा २०७९ बैशाख १९ गते रु.१३२,०००।०० नगद फिर्ता गरी पेश्की फस्यौंट गरेको छ । यसरी सरकारी रकम ब्यक्तिको खातामा राख्दा व्याज प्राप्त हुने देखिन्छ । बैंक विवरण माग गरी परीक्षण गर्दा उक्त रकम वापत बैंकले रु १०३,००१/- ब्याज प्रदान गरेको देखिएकोले उक्त रकम सँघिय सञ्चितकोष दाखिला गर्नुपर्ने रु. | १०३,००१ |
| ४३.३ | | | ........... *(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फस्यौंट भई पेश भएको आधारमा मिति २०७९।१२।१९ को निर्णयबाट रु.९९९९९।- सम्परीक्षण गरिएको ।)* | ० |
| ४४ | | | **राजश्व दाखिला :**<br><br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८ (१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन | |

| | | | | |
|---|---|---|---|---|
| | | | अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । पालिका अन्तर्गत ६ वटा वडा पालिकाबाट प्राप्त गरेको रु. 3578744.60 राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ४५ | | | **राजश्व अभिलेख :**<br><br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । कार्यालयले नगदी रसिद नियन्त्रण खाता राखि व्यबस्थित रुपमा ठेलि तथा रसिद नम्बर खुलाएर रसिद ठेलि बुझाउने, बुझाएको ठेलीबाट प्राप्त आम्दानी सम्बन्धमा पोष्टिङ गरी जोडजम्मा तथा परीक्षण गर्न सकिने बनाउने, फिर्ता लिएको बाँकी रसिद नम्बर समेत खुलाएर अभिलेख राख्ने र प्राप्त राजश्व कार्यालयले समेत परीक्षण गरी एकिन गर्नु पर्नेमा वडाबाट दाखिला भौचरको आधारमा मात्र आम्दानी गर्ने र राजश्व शाखाले रसिदहरु पोष्टङ नगरी प्राप्त आम्दानी बैंक दाखिला गरेको पाईदा प्राप्त हुनुपर्ने राजश्व र प्राप्त राजश्व भिडान गर्न सकिएन । साथै लेखाशाखाले आम्दानी, गोश्वरा भौचर उठाउदा गोश्वरा भौचरसँग बैंक भौचर नहुने, शाखामा रहेको भौचरमा नगदी रसिद नम्बर उल्लेख नहुने, मालपोत रसिद र नगदि रसिद नछुट्टिने, वडागत तथा शीर्षकगत आम्दानी राजश्व शाखाले पनि तयार नगर्ने अवस्थाले राजश्वको अभिलेख व्यवस्था कमजोर रहनुका साथै परीक्षण गर्न सक्ने अवस्थामा रहेको पाईएन । नगद आम्दानी रकम दैनिक रुपमा तथा भोलिपल्ट समेत दाखिला | |

<table>
<tr><td></td><td></td><td></td><td>नभइ दुरीको कारण मासिक रुपमा ढिलो दाखिला हुने व्यहोरा जानकारी प्राप्त भएतापनि नियमानुसार समयमा दाखिला गर्न कार्यालयले व्यवस्था मिलाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>व्यवसाय कर -<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ९०००० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको पाइएन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>आयको अनुमानः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले निम्न अनुसारका आम्दानिका श्रोतहरुमा अनुमान र असुली गरेको छ ।<br><br>
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>९४००००</td><td>७१७७००</td><td>७६.३५%</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>व्यवसाय कर</td><td>३२३७००</td><td>९००००</td><td>२७.८०%</td></tr>
<tr><td>वहाल विरौटी शुल्क</td><td>०</td><td>०</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
</table>

आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने र राजश्वको अनुमान गर्दा यथार्थता तर्फ ध्यान दिन आवश्यक देखिएको छ ।

४८ **घरभाडा भुक्तानीः**

आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ ।पालिकाले विभिन्न प्रयोजनका लागि वडा नं १ त्रिपुराकोट बगरका देहायका व्यक्तिहरुसँग घरभाडा सम्झौता गरि वार्षिक रुपमा रकम रु.२२९४५५९।०० भुक्तानी गरेको छ । यसरी घरभाडा वापतको खर्च भुक्तानी गर्दा मितव्ययी तरिकाले खर्च गर्नुपर्ने देखिन्छ ।

| **गो भौ नं मिति** | **घरधनीको नाम** | **प्रयोजन** | **घरभाडा मासिक** | **जम्मा** |
|---|---|---|---|---|
| ४७०।२०७९।३।२४ | पाल्मु वोहोरा | आयुर्वेद स्वास्थ केन्द्र | १२५०० | १५०००० |
| ४५५।२०७९।३।२१ | रत्न प्रसाद न्यौपाने | क्वाटर | २६००० | ३१२००० |
| | ज्ञानी वोहोरा | क्वाटर | १५५०० | १८६००० |
| ४५४।२०७९।३।२१ | विष्णुकन्ना थापा | क्वाटर | १०००० | १२०००० |
| ४४६।२०७९।३।२० | सरीता कठायत | क्वाटर | १४००० | १६८००० |
| ३९१।२०७९।३।७ | तुल बहादुर विष्ट | क्वाटर | १०००० | १२०००० |
| १३७।२०७८।९।२ | कृष्ण बहादुर बुढा | पशु र कृषि शाखा | ३३३३३ | ३९९९९९ |
| ३८०।२०७९।२।१६ | रुक्कारा बुढा | NCCSP2 को घरभाडा | २०३८० | २४४५६० |
| ३५६।२०७९।१।१९ | चन्दश्वर बुढा | कार्यालय प्रमुखको | १०००० | १२०००० |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td></td><td></td><td>क्वाटर</td><td></td><td></td></tr>
<tr><td>२४७।२०७३।१०।५</td><td>राम प्रसाद देवकोटा</td><td>नगर प्रमुख क्वटर</td><td>१९५००</td><td>२३४०००</td></tr>
<tr><td>१८०।२०७८।९।८</td><td>शान्ती वोहोरा</td><td>नगर अस्पताल क्वटर</td><td>२००००</td><td>२४००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१९१२१३</td><td>२२९४५५९</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>४९</td>
<td></td>
<td></td>
<td>
विल भरपाईः<br><br>
आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसारको भुक्तानीमा संलग्न फाटवारीमा विल भरपाई पेश वेगर भुक्तानी दिएकाले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरी आन्तरिक कोषमा दाखिला गर्नुपर्ने रु.<br>
<table>
<tr><td>गो.भौ.नं र मिति</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>४०७।२०७९।३।१३</td><td>खाली छहरा खोला लधु विद्युत आयोजना लाई विद्युत मर्मत वापत बिल भरपाई वेगर भुक्तानी भएकोमा प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु.</td><td>१८००००</td></tr>
<tr><td>३४६।२०७८।१२।२९</td><td>लाल प्रसाद पोखे्रललाई विविध खर्च बिल भरपाई वेगर भुक्तानी भएकोमा प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु.</td><td>४५०००</td></tr>
<tr><td>३१६।२०७८।११।२२</td><td>नेत्र डागीलाई विविध खर्च वापत रु५००००।०० भुक्तानी भएको रु१०१००।०० मात्र विलभरपाई पेश भएकोमा बाकी बिल भरपाई वेगर भुक्तानी भएकोमा प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु.</td><td>३९९००</td></tr>
</table>
</td>
<td>१,७६१,८३४</td>
</tr>
</table>

| | | |
|---|---|---|
| १९१।२०७८।९।११ | विजया रोकायालाई विविध खर्च रु११३८००।०० भुक्तानी भएको रु५००००।०० मात्र विलभरपाई पेश भएकोमा बाकी बिल भरपाई वेगर भुक्तानी भएकोमा प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु. | ६३८०० |
| १८९।२०७८।९।१० | पित्रृभक्त गिरिलाई दैनिक भ्रमण वापत खर्च बिल भरपाई वेगर भुक्तानी भएकोमा प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु. | ४५००० |
| १६३।२०७८।९।६ | नेपाल विद्युत प्राधिकरण डोल्पालाई बिल भरपाई वेगर भुक्तानी भएकोमा प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु. | ६०३२९ |
| ८७।२०७८।८।२१ | मुस्कान शाहीलाई सुचना प्रणाली तथा सफ्टवयर संचालन खर्च बिल भरपाई वेगर भुक्तानी भएकोमा प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु. | २४९१६५ |
| ३२२।२०७८।११।२५ | लिकु संयुक्त क्याम्पस संचालन वापत खर्च बिल भरपाई वेगर भुक्तानी भएकोमा प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु. | ५००००० |
| १००।२०७८।८।२४ | वनभोज कार्यक्रम खर्च रु१६०५००।०० भुक्तानी भएको रु१२९०१९।०० मात्र विलभरपाई पेश भएकोमा बाकी बिल भरपाई वेगर भुक्तानी भएकोमा प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु. | ३१४८१ |
| ९९।२०७८।८।२४ | सुक बहादुर थापा लगायत ५ जनाको आर्थिक सहयोग खर्च रु१४५०००।०० भुक्तानी भएको रु४१०००।०० मात्र विलभरपाई पेश भएकोमा बाकी बिल भरपाई वेगर भुक्तानी भएकोमा प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु. | १०४००० |
| ७२।२०७८।८।१४ | पित्रृभक्त गिरिको दैनिक भ्रमण भत्ता खर्च रु३३९०००।०० भुक्तानी भएको रु११८०००।०० मात्र विलभरपाई पेश भएकोमा बाकी बिल | २२१००० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>भरपाई वेगर भुक्तानी भएकोमा प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>३९७।२०७९।३।१३</td><td>हाम्रो एडभरटाईजिङ्गको सुचना प्रकाशको लागि भुक्तानीमा फोटोकपी विल पेश भएकाले सक्कल विल पेश गर्नुपर्ने अन्थया असुली गर्नुपर्ने रु.</td><td>२०८५२४</td></tr>
<tr><td>१६७।२०७८।९।७</td><td>भ्रमण खर्च वापत शेर बहादुर बुढालाई रु.६९३२५।०० मा २०७८।८।२२ काठमाण्डौ देखी डोल्पा र २०७८।८।१८ गते काठमाण्डौ देखि नेपालगञ्ज को जहाजको टिकट वोडिङ्ग पास पेश नभएको पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु.</td><td>१३६३५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१७६१८३४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>जिन्सी दाखिला प्रमाणः<br><br>आर्थिक कार्यविधितथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी रकमको हकमा सोही दिनमा वा सोको भोलीपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । पालिकाले न्यू नमस्ते ट्रेर्डसबाट खरिद भएको सामानहरुको जिन्सी दाखिला गरेको नपाइएकोले सोको जिन्सी दाखिला प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.</td><td>२५३,०००</td></tr>
<tr><td>५१</td><td></td><td></td><td>भुक्तानीमा कर<br><br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.३८५६५।०० अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>करको दर</th><th>कर रकम</th></tr>
</table>
</td><td>३८,५६५</td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>५४२।२०७७।११।९</td><td>जुना रोकायालाई विभिन्न खर्च भुक्तानीमा अग्रिम कर छुटको</td><td>४८३९७०</td><td>१.५%</td><td>७२६०</td></tr>
<tr><td>४०६।२०७९।३।१३</td><td>वडा नं ८ को वडा संचालन खर्च वापत भुक्तानी</td><td>३०००००</td><td>१.५%</td><td>४५००</td></tr>
<tr><td>३८८।२०७९।३।२</td><td>धर्मदेवी वोहोरालाई वडा संचालन खर्च वापत भुक्तानी</td><td>२५००००</td><td>१.५%</td><td>४५००</td></tr>
<tr><td>२८५।२०७८।११।२</td><td>वडा नं ५।६ को कार्यालय संचालन खर्च अमर बहादुर बस्नेतको पेश्की फस्र्यौटमा</td><td>३०००००</td><td>१.५%</td><td>४५००</td></tr>
<tr><td>१४९।२०७८।९।५</td><td>पदाधिकारीको खर्च भुक्तानी मा कर छुट</td><td>१७८०५००</td><td>१.०%</td><td>१७८०५</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३८५६५</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>५२</td>
<td></td>
<td></td>
<td>
कर छूटः<br><br>
आयकर ऐन, 2058 को दफा 8८ बमोजिम सेवा कार्यमा भुक्तानी तथा मुल्य अभिवृद्धि कर जारी नभएमा कुल भुक्तानी रकमको १५% दरले कर लाग्ने व्यवस्था छ। पालिकाले देहायको विभिन्न खर्चको भुक्तानीमा लाग्ने कर नियमानुसार कट्टी छुट देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.९७५०
<table>
<tr><td>गो भौ नं मिति</td><td>विवरण</td><td>भुक्तानी रकम</td><td>१५% कर</td><td>कैफियत</td></tr>
<tr><td>४७३।२०७९।३।२५</td><td>भिम बहादुर थापालाई मेयरकप भलिवलमा रेफ्रि खर्च भुक्तानी</td><td>६५०००</td><td>९७५०</td><td>प्रशिक्षण खर्च भुक्तानी</td></tr>
</table>
</td>
<td>९,७५०</td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>जम्मा</td><td>६५०००</td><td>९७५०</td><td></td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>५३</td>
<td></td>
<td></td>
<td>तलबि प्रतिवेदनः<br><br>निजामती सेवा ऐन 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । स्थानीयतहमा समायोजन भै आएका तथा नयाँ नियुक्त भएका स्थायी कर्मचारीको तलवी प्रतिवेदन पारित गर्ने सम्बन्धी छुट्टै कानुन नवनेको अवस्थामा पालिकाले कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी रु.१,४६,४८,२०५।०० तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तसर्थ तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्न सम्बन्धित पक्षले ध्यान दिनुपर्छ ।</td>
<td></td>
</tr>
<tr>
<td>५४</td>
<td></td>
<td></td>
<td>करार कर्मचारीलाई भत्ताः<br><br>सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२५ को पत्रबाट २०७४।७५ बाट लागु हुने गरी करार कर्मचारीको सेवा सुविधाको बारेमा गरेको परिपत्रमा उल्लेखित सेवा सुविधा बाहेक अन्य सुविधा दिन नपाउने व्यवस्था उल्लेख छ । पालिकाले विभिन्न शिर्षकबाट तलव भत्ता खाने गरी देहायका पदमा करार कर्मचारी भर्ना गरि भत्ता भुक्तानी भएको देखिन्छ । यसरी नियम विपरित भत्ता भुक्तानी दिएको सम्बन्धीतबाट असुल गर्नुपर्ने रु.<br><br>
<table>
<tr><th>सि न</th><th>नाम</th><th>भत्ता शिर्षक</th><th>रकम (मासिक)</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>कर्ण कार्की</td><td>स्थानिय भत्ता महगी भत्ता र फिल्ड भत्ता (१४७६०+२०००+३५००)</td><td>२०२६०</td><td>२४३१२०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२४३१२०</td></tr>
</table>
</td>
<td>२४३,१२०</td>
</tr>
<tr>
<td>५५</td>
<td></td>
<td></td>
<td>विउ विरुवा खरिदः<br><br>पालिकाले मूल विउ तथा विरुवा खरिद गर्दा सके सम्म सरकारी फर्मबाट खरिद गर्नुपर्ने र यदि सरकारी फर्ममा</td>
<td></td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | उपलब्ध हुन नसके जिल्ला कृषि विकास कार्यालयले तोकेको कृषि श्रोत केन्द्रबाट विउ विरुवा खरिद गरिनु पर्दछ । यसरी खरिद गरिएको विउ विरुवाको जर्मिनेशन परीक्षण गरेपछि मात्र कृषकलाई उपलब्ध गराउनु पर्दछ । पालिकाले आस्था कृषि फलफुल तथा पशुपालन समुहलाई फलफुल विरुवा वितरण कार्यक्रम सञ्चालनार्थ रु.३०००००।०० भुक्तानी दिएकोमा ओ वि फलफुल नर्सरी जुफाल डोल्पाबाट स्याउ कलमी विरुवा १००० थान रु.१०० का दरले खरिद गरि १० जना कृषकलाई ५० का दरले वितरण गरेको भरपाई संलग्न गरेको देखियो । त्यस्तै ल्वान्ना कृर्षि फलफुल नर्सरी तथा पशुपालन पोल्ट्री फर्म त्रिपुरासुन्दरी १० दापु डोल्पाबाट कलमी ओखरको विरुवा २०० थान रु.१००० का दरले खरिद गरी ११ जना कृषकलाई दामाशाही रुपमा वितरणगरेको भरपाई फाटवारी पेश भएको देखियो । यसरी कृषकहरुको लागि खरिद गरिएको विउ विरुवा विक्री गर्ने विक्रेता जिल्ला कृषि विकास कार्यालयबाट श्रोत केन्द्र तोकेको प्रमाण नभएको र खरिद गरिएका विउ विरुवा उपयूक्त भए नभएको एकिन गर्न सकिने अवस्था छैन ।साथै उक्त विरुवा कृषकहरुले रोप्ने कार्य सम्पन्न गरेको प्रमाण पेश भएको देखिएन । यस सम्वन्धमा पालिकाको समेत ध्यान जानुपर्ने देखियो । | |
| ५६ | | | **पदाधिकारी सुविधा**<br><br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित भई काम कारबाही शुरु गरेको मिति देखि अनुसुची १ र २ मा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी स्थानीयतहको आन्तरिक श्रोतको आधारमा सुविधा पाउने व्यवस्था छ । जसअनुसार कर्णाली प्रदेश सरकारले प्रभम संशोधन गरी मिति २०७७/३/८ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १(क),१(ख),१(ग) मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सूविधा बाहेक अन्य सेवा सुविधा पाउने देखिदैन । तर पालिकाले पदाधिकारीहरुको अन्य सुविधामा निम्नानुसार रु.११५७५२९।०० खर्च लेखेको देखिन्छ ।<br><br><table><tr><td>गो भौ नं मिति</td><td>विवरण</td><td>रकम</td><td>कैफियत</td></tr><tr><td rowspan="2">४७१।२०७९।३।२४</td><td>नगरप्रमुखको क्वाटर खर्च भुक्तानी</td><td>८१६४५</td><td></td></tr><tr><td>नगर उप प्रमुखको खर्च भुक्तानी</td><td>४१२५०</td><td></td></tr></table> | |

| | | | |
|---|---|---|---|
| ४५०।२०७९।३।२० | पदाधिकारीहरुले प्रयोग गरेको गाडी रिर्जव खर्च भुक्तानी | ४०००० | |
| ४४२।२०७९।३।१९ | पदाधिकारीहरुले प्रयोग गरेको गाडी रिर्जव खर्च भुक्तानी | ११३००० | |
| ३२८।२०७८।१२।१६ | पदाधिकारीहरुले प्रयोग गरेको गाडी रिर्जव खर्च भुक्तानी | ११७४०० | |
| २७१।२०७८।१०।२६ | पदाधिकारीहरुले प्रयोग गरेको गाडी रिर्जव खर्च भुक्तानी | १६५००० | |
| २०४।२०७८।९।१३ | पदाधिकारीहरुले प्रयोग गरेको गाडी रिर्जव खर्च भुक्तानी | ८१५०० | |
| ४६।२०७८।६।२५ | पदाधिकारीहरुले प्रयोग गरेको गाडी रिर्जव खर्च भुक्तानी | ८१००० | |
| ३३१।२०७८।१२।१६ | पदाधिकारीहरुको योजना अनुगमन भत्ता भुक्तानी | ९१००० | |
| ३३०।२०७८।१२।१६ | अनुदान वितरण चन्द्र कु बुढालाई भुक्तानी | ५२००० | |
| १६८।२०७८।९।७ | योजना अनुगमन भत्ता धन बहादुर रावत सहित ८ जना | १४३७३४ | |
| ७५।२०७८।८।१८ | योजना अनुगमन भत्ता चन्द्र कुमारी बुढालाई भुक्तानी | १५०००० | |
| **जम्मा** | | **११५७५२९** | |

| | | | | |
|---|---|---|---|---|
| ५७ | | | **सोझै खरिदः** | |

<table>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोभैm खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोभैm खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइ निम्नानुसार रु.२१४७४८५।०० को सोझै खरिद गरेको देखियो ।<br>
<table>
<tr><th>गो भौ नं मिति</th><th>विक्रेता</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>७३।२०७८।८।१८</td><td>अरुण हार्डवयर एण्ड सप्लार्यस (३०२९४७५३९)</td><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>१२७८१६७</td></tr>
<tr><td>८३।२०७८।८।२१</td><td>अरुण हार्डवयर एण्ड सप्लार्यस (३०२९४७५३९)</td><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>८६९३१८</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२१४७४८५</td></tr>
</table></td><td></td></tr>
<tr><td>५८</td><td>४५६</td><td>२०७९ -३-२१</td><td>कार्यसम्पन्न नभएको<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७(१)मा सार्वजनिक निकायले सम्झौता गरी गरिएको कार्यको कार्य स्वीकार प्रतिवेदन तथा नियम १२५(१) अनुसार कार्यसम्पन्न पेश हुनुपर्दछ । पालिकाले बलभद्र आ वि त्रिपुरासुन्दरी २ रसीलाई विद्यालय भवन मर्मत वापत रु.२०००००।०० भुक्तानी दिएको छ । विद्यालयले कार्य सञ्चालन गर्न रकम उपलव्ध गराएकोमा लेखापरीक्षण अवधी सम्म तोकिएको कार्य सम्पन्न भएको प्रमाण पेश नभएको रु.</td><td>२००,०००</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>अनुत्पादक खर्च<br><br>पालिकाले वडा स्तरीय आयोजना छनोट गरी कार्यान्वयन गर्दा कतिपय आयोजना वितरणमुखी र अनुत्पादक क्षेत्रमा छनोट गरी कार्यान्वयन गरिएको छ । सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च</td><td></td></tr>
</table>

गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.५३५५०४२।०० खर्च गरेको देखिन्छ । सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी रोजगारी सिर्जना हुने क्षेत्रमा खर्च गर्नेतर्फ सम्बन्धित निकायहरुले ध्यान दिनुपर्दछ ।

| **गो.भौ.नं र मिति** | **भुक्तानी पाउने फर्म वा व्यक्ति** | **प्रयोजन** | **रकम** |
|---|---|---|---|
| ४८२।२०७९।३।३१ | जनजाति आय आर्जन कार्यक्रम वापत सुजता बैजीलाई भुक्तानी | वडा नं १ देखि ११ सम्म ६५० जना लाई रु१००० का दरले नगदै वितरण गरेको | ६५०००० |
| ४८१।२०७९।३।३१ | अपाङ्ग आय आर्जन कार्यक्रम पुर्ण बहादुर विष्ट लाई भुक्तानी | १५२ जनालाई १५०० का दरले नगदै वितरण भरपाई पेश | २२८००० |
| ४३३।२०७९।३।१९ | दलित आय आर्जन कार्यक्रम दलित संघर्ष समितिलाई भुक्तानी | २०७ जनालाई ८००का दरले नगदै वितरण भरपाई पेश | १६५६०० |
| ३६९।३६८।२०७९।२।१० | नगर प्रमुख संग कृषि उत्पादन बाट महिला आय आर्जन अनुदान बाट भुक्तानी | रमेश बहादुर रावतको पेश्की फस्र्यौटमा २५९२ जनालाई रु४०००।०० का दरले नगद वितरण भरपाई पेश | १०३६८००० |
| २१९।२०७८।९।२७ | नेपाल कम्यूनिष्ट पार्टि (एमाले) लाई भुक्तानी | छैटौ जिल्ला अधिवेशनमा आर्थिक सहायता | १२५००० |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>५३५५०४२</td></tr></table><br>यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>भुक्तानीमा कर –<br><br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत त्रिपुराकोट मावि विभिन्न सामाग्री खरिद गरेको विलका आधारमा रु ६३०००० भुक्तानी गरेकोमा नियमानुसार लाग्ने रु. ९४५० अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.</td><td>९,४५०</td></tr>
<tr><td>६१</td><td></td><td></td><td>विलभर्पाई नभएकोः<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९ को (५) मा खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ ।सशर्त पूँजिगतको निम्न गो भौ र मितिमा विभिन्न योजनाको कार्यसम्पन्न वापत पालिकाले रकम भुक्तानी गर्दा Project Information board को रकम पनि भुक्तानी भएकोमा उपलब्ध कागजातमा उक्त कामको विल र फोटो उपलब्ध नभएकोले उक्त कार्य वापतको वढी भुक्तानी रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु<br><table><tr><td>गोभौनं./मिति</td><td>भुक्तानी पाउनेको नाम</td><td>भुक्तानी रकम</td></tr><tr><td>७५।२०७९।३।२५</td><td>नगर खेलकुद विकास समिति</td><td>५०००</td></tr><tr><td>७३।२०७९।३।२५</td><td>ज्योति आवि ४ कोठे भवन</td><td>५०००</td></tr></table></td><td>२५,०००</td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>७९।२०७९।३।२५</td><td>त्रिपूरा मावि ४ कोठे भवन</td><td>५०००</td></tr>
<tr><td>७८।२०७९।३।२०</td><td>जनप्रभा मावि ४ कोठे भवन</td><td>५०००</td></tr>
<tr><td>नपा पूँजीगतको ७७।२०७८।११।२२</td><td>गल्ली गार्ड देखि सिचाई कूलो सम्म घेराबार मोटर बाटो स्तरोन्नती उ स</td><td>५०००</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>६२</td>
<td></td>
<td></td>
<td>
शशर्त शिक्षा बजेटको कन्टिनेजेन्सी र मर्मत सम्भार कोष कट्टा :<br><br>
कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को खण्ड १(३) को (प) मा विद्यालय भौतिक सुधार कार्यक्रमको बजेटमा कन्टिन्जेन्सी कट्टा गर्न नपाइने उल्लेख छ । शशर्त पुजिगतको बजेटबाट विद्यालय भौतिक सुधारको रकम निकासा तथा भुक्तानी दिदा ५ प्रतिशत कन्टिन्जेन्सी र २.५ प्रतिशत मर्मत सम्भार कोष कट्टा गरेर भुक्तानी दिएकोले नियम विपरित कट्टा गरेको कन्टिन्जेन्सी र मर्मत सम्भार रकम फिर्ता गर्नुपर्ने रु
<table>
<tr><td>भौ नं मिति</td><td>विद्यालयको नाम</td><td>कन्टिन्जेन्सी रकम रु</td><td>मर्मत सम्भार रकम</td></tr>
<tr><td>७३।२०७९।३।२५</td><td>ज्योति आ वि</td><td>१८००००</td><td>९००००</td></tr>
<tr><td>७९।२०७९।३।२५</td><td>त्रिपूरा मा वि</td><td>१८००००</td><td>९००००</td></tr>
<tr><td>७८।२०७९।३।३०</td><td>जनप्रभा मा वि</td><td>१८००००</td><td>९००००</td></tr>
</table>
</td>
<td>९४५,०००</td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>७२।२०७९।३।२५</td><td>लेखनाथ आ वि</td><td>९००००</td><td>४५०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६३०००००</td><td>३१५०००</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>६३</td>
<td></td>
<td></td>
<td>
नभएको कामको रकम भुक्तानीः<br><br>
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को (५) मा खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ ।सशर्तको ७१।२०७९।३।२५ बाट जनप्रभा मावि ४ कोठे भवन निर्माणको कार्य सम्पन्न वापत कार्यसम्पन्न प्रतिवेदनमा निम्न कार्यको ईष्टिमेट पनि नभएको र कार्य गरे पश्चात उक्त कार्यको फोटो र उक्त काम गर्नको लागि आवश्यक काठ किनेको विल भर्पाई समेत नभएकोले उक्त कार्य बराबरको रकम विद्यालयबाट असुल गर्नुपर्ने रु
<table>
<tr><td>सिन</td><td>कार्य व्योहोरा</td><td>परिमाण</td><td>दर</td><td>कूल रकम</td></tr>
<tr><td>1</td><td>Desk and bench (Primary level) frame work</td><td>2.85 cum</td><td>65677.57</td><td>186881.58</td></tr>
<tr><td>2</td><td>Desk and bench (Primary level) ceiling work</td><td>64.8 sqm</td><td>720.30</td><td>46675.67</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td>233557.25</td></tr>
</table>
</td>
<td>२३३,५५७.२५</td>
</tr>
<tr>
<td>६४</td>
<td></td>
<td></td>
<td>
विलभर्पाई नभएकोः<br><br>
✂ .......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१९ को निर्णयबाट रु.४३००००।- सम्परीक्षण गरिएको ।)
</td>
<td>०</td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| ६५ | | | **वढी भुक्तानीः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक, मूल्यांकन, बिल, भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्नेछ ।त्यसैका आधारमा कार्यालयले उपभोक्ता समितिलाई रकम भुक्तानि गर्ने व्यवस्था रहेको छ । वालुवाकुना सडक ढलान तथा मर्मत वापत उपभोक्ता समितिलाई उक्त कार्यको लागि रकम भुक्तानी दिदा कार्यसम्पन्न प्रतिवेदनमा भएको खुद कार्य रु ४५१९८८.५९ मा कन्टिन्जेन्सी रु २२५९९.४३ कट्टी गरी रु ४२९३८९.१६ भुक्तानी दिनुपर्नेमा नगरपालिका पूँजीगतको ९४।२०७८।१२।१६ बाट रु ४८५०४१ भुक्तानी दिइ रु ५५६५२ वढी भुक्तानि दिएको छ । यसरी वढी भुक्तानी भएको रकम उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु | ५५,६५२ |
| ६६ | | | **छलमा एकीकृत वस्ती विकास कार्यक्रमः**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा निर्माण कार्य गर्दा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिने व्यवस्था छ ।पालिकाले यस योजनाका लागि कूल १२५५७१६४.३८ रकमको निर्माण कार्यको लागत अनुमानमा रु ६२५०००० विनियोजन र बाकी काम उपभोक्ताले व्यहोर्ने गरी सम्झौता अनुसार काम भएको छ । यस कार्यक्रम अन्तर्गत कार्यसम्पन्न प्रतिवेदन अनुसार स्टोन सोइलिङ्ग काम र ट्वाइलेट निर्माण वापत रु १२५५७१६४.३८ को काम भएको भनी कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छ ।उक्त कार्य निर्माण भएको फोटो पेश भएको छैन । यसप्रकार उक्त कार्यक्रम व्यवहारमा सम्पन्न भएको भनी आश्वत हुन सकिएन ।यस सम्बन्धमा जिम्मेवार व्याक्तिहरुले उक्त कार्यको बारेमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| ६७ | | | **एकीकृत वस्ती विकास सिढी तथा सार्वजनिक शौचालय निर्माणः**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा निर्माण कार्य गर्दा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिने व्यवस्था छ ।पालिकाले यस योजनाका लागि कूल १२३८८३९५.८९ रकमको निर्माण कार्यको लागत अनुमानमा रु ६२५०००० विनियोजन र बाकी काम उपभोक्ताले व्यहोर्ने गरी सम्झौता अनुसार काम भएको छ । यस कार्यक्रम अन्तर्गत कार्यसम्पन्न प्रतिवेदन अनुसार सिढी र ट्वाइलेट निर्माण वापत रु १२७७९११२.२२ को काम | |

| | | | | |
|---|---|---|---|---|
| | | | भएको भनी कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छ ।उक्त कार्य निर्माण भएको फोटो पेश भएको छैन । यसप्रकार उक्त कार्यक्रम व्यवहारमा सम्पन्न भएको भनी आश्वत हुन सकिएन ।यस सम्बन्धमा जिम्मेवार व्याक्तिहरुले उक्त कार्यको बारेमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| ६८ | | | **अनुदानको अनुगमन** –<br><br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले १३ कृषि तथा पशुसेवा सहकारी संस्था र समूहलाई रु ३० लाख २० हजार बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६९ | | | **उच्च पहाडी एवम् हिमालि क्षेत्र समृद्धि कार्यक्रमः**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा निर्माण कार्य गर्दा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिने व्यवस्था छ ।पालिकाले कूल २५०१५११४.७५ रकमको निर्माण कार्यको लागत अनुमानमा रु १२५००००० विनियोजन र बाकी काम उपभोक्ताले व्यहोर्ने गरी सम्झौता अनुसार काम भएको छ । यस कार्यक्रम अन्तर्गत कार्यसम्पन्न प्रतिवेदन अनुसार २५ वटा घरमा रु १०१७०५४.३१ का दरले रु २५४२६३५७.७५ को बराबर आइटमको काम भएको भनी कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छ ।उक्त घरहरु निर्माण भएको फोटो र सो कार्यक्रमको अनुगमन समितिको अनुगमन रिपोर्ट पनि उपलब्ध छैन । यसप्रकार उक्त कार्यक्रम व्यवहारमा सम्पन्न भएको भनी आश्वत हुन सकिएन ।यस सम्बन्धमा जिम्मेवार व्याक्तिहरुले उक्त कार्यको बारेमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| ७० | | | **नाफामूलक फर्म तथा व्याक्तिलाई अनुदानः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट | |

| | | | | |
|---|---|---|---|---|
| | | | प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।तर पालकाले यस वर्ष निम्नानुसारका नाफामूलक तथा व्याक्तिगत फर्मलाई अनुदान दिइ खर्च लेखेको छ ।सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । | |

| क्र स | फर्मको नाम | अनुदान रकम |
|---|---|---|
| १ | ल्वान्ना कृषि फलफूल नर्सरी तथा पशुपालन पोल्ट्री फर्म | १०००००० |
| २ | आसुलिया कृषि तथा पशुपालन तथा पोल्ट्री फर्म | १४०००० |
| ३ | थापा कृषि तथा पशु पोल्ट्री फर्म | १००००० |
| ४ | सविना एण्ड उषा फलफूल तथा जडीवुटी पोल्ट्री फर्म | १००००० |
| ५ | देव फलफूल तरकारी तथा पशु पोल्ट्री फर्म | १००००० |
| ६ | वि एण्ड वि कृषि पोल्ट्री फर्म पशुपालक फलफूल तरकारी उद्योग | १००००० |
| ७ | विमला फलफूल तथा पशुपालक उद्योग | १००००० |
| ८ | मष्ट्रा भवानी जडिवुटि फलफूल तरकारी तथा पशु पोल्ट्री फर्म | १००००० |
| ९ | विक्रम कृषि पशु तथा पोल्ट्री फर्म | १००००० |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>१०</td><td>बाला त्रिपुरासुन्दरी फलफूल नर्सरी</td><td>१०००००</td></tr><tr><td>११</td><td>फलफूल तरकारी तथा बाख्रा पालक उद्योग</td><td>१०००००</td></tr><tr><td colspan="2">जम्मा</td><td>२०४००००</td></tr></table></td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>सघीय रकम फिर्ता गर्नुपर्नेः<br><br>६०।२०७९।३।२५ बाट कामका लागि पारिश्रमिक वापत ९ वटा योजनाको लागि रकम रु ३१६६७५८ बैकमा पठाएकोमा बैकले रु २९९८०४५ मात्र श्रमिकको बैक खातामा पठाएको र बाकी रकम रु १६८७१३ पालिकाको आन्तरिक राजस्व खातामा ट्रान्सफर गरेको पाइयो । उक्त सघीय सशर्तको रकम पालिकाको खातामा सञ्चित गरी राख्न पाउने व्यवस्था नभएकोले उक्त रकम सम्बन्धीत ठाउँमा फिर्ता गर्नुपर्ने रु</td><td>१६८,७१३</td></tr>
<tr><td>७२</td><td></td><td></td><td>प्राविधिक धारका विद्यालयको ल्याव व्यवस्थापन अनुदानः<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलापन नं ११.१.२.४४५ को बुदा नं ८.३ मा सिभिल इन्जनियरिङ्ग पढाई हुने विद्यालयलाई ल्याव व्यवस्थापन वापत रु १८ लाख सम्म रकम निकाशा दिने व्यवस्था छ । पालिकाले ४१।२०७९।३।१३ बाट श्री जनप्रभा मावि लाई ल्याव व्यवस्थापन वापत रु १८ लाख निकाशा दिएकोमा विद्यालयले खर्चका विल भर्पाइ, कर दाखिलाको प्रमाण, विद्यालय व्यवस्थापन समितिको निर्णय, वडाको सिफारिस र निर्मित संरचनाको फोटो सहितका प्रमाण सिलसिलेवारयुक्त तरिकाले पंजिका सहितका प्रमाण पेश हुनु पर्ने रु</td><td>१,८००,०००</td></tr>
<tr><td>७३</td><td></td><td></td><td>रितपूर्बकको कर बिजक –<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले रित पूर्कको कर वीजक बेगर मर्मत सम्भार कोषको १६।२०७९।३।३ बाट पन्थी मोवाइल मर्मत तथा खरिद बिक्री केन्द्र (६०३१९८४२९) बाट विजक नम्बर हातले लेखेर विभिन्न विलहरु पेश गरी रु. ४३९९७२ का सामान खरिद गरेको छ ।उक्त रकम बराबरको अग्रिम कर कट्टा गरी रकम भुक्तानी गरेको छ । त्यसरी उक्त विलहरुमा विजक नम्बर हातले लेखेर मुअकर छल्न खोजेको देखिन्छ ।</td><td>४३९,९७२</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | तसर्थ उक्त सप्लायर्सले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको रकमको भ्याट विल र उक्त रकमको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | |
| ७४ | | | **दाखिला नभएकोः**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को (५) मा सार्वजनिक रकम खर्च गर्दा उक्त खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ ।त्यसै गरी उक्त खरिद गरिएका वस्तुहरु अनिवार्य रुपमा जिन्सी खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ ।पालिकाले नगरपालिका पूँजीगतको ९४।२०७८।१२।१६ बाट निसान कम्प्यूटर ट्रेडर्स मार्फत ईन्जीनियर कर्ण बहादुर कार्कीले Dell $I_7$ Laptop 8 GB Ram, 512 GB SSD Touch 360” ल्यापटप रु १४०००० मा खरिद गरी विल पेश हुन आएकोमा उक्त ल्यापटप पालिकाको जिन्सी खातामा दाखिला नभएकोले जिन्सी दाखिला पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | १४०,००० |
| ७५ | | | **रेडियो डोल्पा एफ एम टावर घेराबारः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक, मूल्यांकन, बिल, भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्नेछ । सुत्र वाहिरबाट गरेको खर्चको १५।२०७८।७।१४ बाट रेडियो डोल्पा एफ एम लाई उक्त एफ एम टावर घेरावार निर्माण कार्य वापत रु ३५०००० रकम भुक्तानी दिदाँ उक्त कामको प्राविधिक, मूल्यांकन, बिल, भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात पेश हुन नआएकोले प्रमाण पेश गर्नुपर्ने रु | ३५०,००० |
| ७६ | | | **रितपूर्बकको कर बिजक तथा प्रतिलिपि बिलः**<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले सशर्त चालुको ८।२०७८।९।२७ बाट रित पूर्कको कर वीजक बेगर (फोटोकपी विल) नेपाल मसिन एण्ड स्टिल स्ट्रकचर (३००६६८४५६) बाट मुअकर रु १७०९५ सहित रु १४८५९५ का सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्सले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | १७,०९५ |

| | | | | |
|---|---|---|---|---|
| ७७ | | | **विल भर्पाई नभएकोः**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । १६७।२०७९।३।२५ बाट जगत रोकाया को रु ३००००० पेश्की फस्यौंट भएकोमा सो लाई पुष्टि गर्ने कागजात नभएकोले प्रमाण पेश गर्नुपर्ने रु | ३००,००० |
| ७८ | | | **शिक्षक दरवन्दी र पदपूर्ति -**<br><br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३० वटा सामुदायिक विद्यालयहरुमा १६४ जना शिक्षकको दरबन्दी भएकोमा ८६ जना नै पदपूर्ति रहेको छ भने पदपूर्ति मध्ये ४३ जना करार बाट पदपूर्ति गरेको पाइयो। उक्त विद्यालयहरुमा विद्यार्थीको संख्या ४१०५ जना रहेको देखिन्छ । पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षक दरवन्दी मिलान गर्नुपर्दछ । | |
| ७९ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** –<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. १६ लाख रकम भुक्तानी गरेको छ । | |
| ८० | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br><br>प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यक्रम सञ्चालन गर्दा परिच्छेद-३ (८) मा श्रममुलक आयोजनाको विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा श्रावण महिना भित्र प्रविष्टि गर्ने, परिच्छेद-४ को (११) र (५) मा रोजगार उपभोक्ता | |

<table>
<tr><td></td><td></td><td></td><td>समितिमा रहने श्रमिक आयोजना सञ्चालन हुने वडाको स्थायी वासिन्दा हुनुपर्ने, परिच्छेद-३ (६) मा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्यालामा मात्रै खर्च गर्नुपर्ने र ज्याला वापतको रकम श्रमिकको बैंक खातामा निकासा गर्नुपर्ने तथा परिच्छेद-३ (४)(घ) मा स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने गरी सञ्चालन गर्नुपर्ने व्यवस्था छ । यस कार्यक्रमा छनोट भएका ३४ वटा कार्यक्रममा कार्यक्रम सञ्चालनमा रु. ११९९४७४६ खर्च भएको छ । अनुसूची-३(५) मा सुचिकृत बेरोजगार व्यक्तिलाई एक सय दिनको रोजगारी उपलब्ध गराउनुपर्ने व्यवस्था छ । सुचिकृत भएका व्यक्तिले एक सय दिनको रोजगार प्राप्त गरेको देखिदैन । ३४ वटा कार्यक्रम सम्पन्न गर्न सुचिकृत भएका ४८२ जना श्रमिकले रोजगारी प्राप्त गरेका छन । सुचिकृत भएका श्रमिकलाई पुरा एक सय दिन बराबरको रोजगार नदिएर सुचिकृत नभएका श्रमिकलाई रोजगार दिइ कार्यक्रम सम्पन्न गरेको देखिन्छ । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>८१</td><td></td><td></td><td>विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१३ मा भएको व्यवस्था अनुसारपालिकाभित्रका विद्यालयबाट छनोट गरी विद्यालयमा पुस्तकालय, ICT र विज्ञान प्रयोगशाला वापत रु ६५०००० अनुदान दिनुपर्ने व्यवस्था छ ।उक्त अनुदानवापत विद्यालयले कार्यसम्पन्न गरेको प्रमाण पेश गर्नुपर्ने रु<br><br>
<table>
<tr><td>सि न</td><td>गो भौ र मिति</td><td>विद्यालयको नाम</td><td>प्रयोजन</td><td>रकम</td><td></td></tr>
<tr><td>१</td><td>१६३।२०७९।३।२४</td><td>मुकुटेश्वर मावि</td><td>राष्ट्रपति शैक्षिक सुधार(ICT)</td><td>६४८०००</td><td></td></tr>
<tr><td>२</td><td>१६३।२०७९।३।२४</td><td>बलभद्र आवि</td><td>राष्ट्रपति शैक्षिक सुधार(ICT)</td><td>६४५०००</td><td></td></tr>
<tr><td>३</td><td>२३५।२०७८।३।३१</td><td>त्रिपूरा मा वि</td><td>ICT</td><td>६४००००</td><td></td></tr>
</table></td><td>३,२१४,०००</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | २५५।२०७८।३।३१ | त्रिपूराकोट मा वि | विज्ञान प्रयोगशाला | ६४०००० | |
| ५ | २५५।२०७८।३।३१ | मुकुटेश्वर मावि | पुस्तकालय | ६४१००० | |
| जम्मा | | | | ३२१४००० | |

८२

**अन्य कार्यालयको खर्चः**

स्थानीय सरकार संचालन ऐन २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययीता, प्रभावकारीता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यबस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा बाहिरका कार्यालयको लागी बजेट विनियोजन गरि गरिएको निम्नानुसारको खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन । यस्तो प्रकृतिको खर्च ले थप व्यबहार बढ्ने भएबाट यस्ता खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

| भौ.न मिति | विवरण | रकम दिएको संस्था | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| ७।०७८।७।१२ | फर्निचर खरिद | शसस्त्र प्रहरी बल नेपाल नम्बर ४६ गुल्म डोल्पा | १९७००० | दाखिला प्रतिबेदन पेश नभएको |
| ४४।०७८।९।११ | जि.प्र.का. मा प्रयोग भएको जस्ता लगायत | प्रहरी चौकी त्रिपुराकोट | १००००० | |

| | | | | |
|---|---|---|---|---|
| ८३ | | | **ठेक्का नः ५।०७८।०७९ हरियापानी पलाङ माझफाल दुनै रुकुम सम्मको मोटरबाटो निर्माणः**<br><br>यस सम्बन्धमा निम्न अनुसारका व्यहोराहरु देखिएका छनः | |
| ८३.१ | | | **लागत अनुमान फरक पारेको:**सार्वजानीक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने सम्बन्धमा उल्लेख छ । सोहि नियमको उपनियम ७ मा निर्माण कार्यको लागत अनुमान अनुसुची १ को ढाँचामा तयार गर्नु पर्ने भन्ने छ । उक्त अनुसुची अनुसार लागत अनुमान तयार गर्दा निर्माण कार्यमा प्रयोग हुने श्रमिक खर्च, सामाग्री खर्च, यान्त्रीक उपकरणको भाडा जोडिसकेपछी सो मा बोलपत्रदाताको ओभरहहेड खर्च वापत १५ प्रतिशत जोडेर आइटम दर निकाल्ने र सो दरका आधारमा गरिने कार्यको परिमाणका आधारमा लागत अनुमान तयार गर्नुपर्ने देखिन्छ । त्यसरी तयार भएको लागत अनुमानमा स्टाप खर्च २ प्रतिशत र सानातिना खर्च २ प्रतिशत जोडि जम्मा लागत अनुमान तयार गर्नुपर्ने देखिन्छ ।सो अनुसार तयार भएको लागत अनुमानमा आवश्यकता अनुसार मुल्य समायोजन कन्टिजेन्सी र फिजिकल कन्टिजेन्सी थप गरि जम्मा लागत अनुमान निकाल्न सकिन्छ ।पालिकाले उक्त निर्माण कार्यको लागत अनुमान तयार गर्दा काम गर्न लाग्ने श्रम सामाग्री भाडाको जम्मा रकममा निर्माण व्यवसायीको ओभरहेड समेतको रकममा मुल्य अभिबृद्धि कर समेत जोडि लागत अनुमान तयार गरेको छ ।उक्त कार्यको लागत अनुमान रु.९१३०७६९।२८ (मुल्य अभिबृद्धि कर समेत ) र प्रोभिजनल सम रु १५०००० समेत रु ९२८०७६९।२८ तथा ४ प्रतिशत कन्टेन्जेन्सी वाहेक जम्मा रु ९६०३९८२ हुने देखिन्छ ।तर पालिकाले मुल्य अभिबृद्धि कर प्रोभिजनल सम तथा कन्टेन्जेन्सी समेत रु ९१३०७६९।२८ को लागत अनुमान तयार गरेकोले मुल्य अभिबृद्धि कर प्रोभिजनल सम तथा कन्टेन्जेन्सी समेत रु १०८३३००० को लागत अनुमान हुने देखिन्छ ।पालिकाले रु १०८२६८९७।८६ (मुल्य अभिबृद्धि कर प्रोभिजनल सम तथा कन्टेन्जेन्सी समेत) को लागत अनुमान तयार गरेकोले वास्तविक लागत अनुमान भन्दा रु १२२२९१६ बढीको लागत अनुमान तयार गरेको छ । यसरी नियमानुसार लागत तयार नगरी बढी रकमको लागत अनुमान तयार गरेकोले उक्त लागत अनुमान अनियमित देखिएको छ तसर्थ लागत अनुमान तयार गर्ने पक्ष र स्वीकृत गर्ने पक्षलाइ जिम्मेवार बनाउनु पर्ने देखिएको रु | १,२२२,९१६ |
| ८३.२ | | | **वोलपत्र स्वीकृती सम्बन्धमा:** उक्त निर्माण कार्यको लागि ७ वटा वोलपत्र परेकोमा घटी रकम कवोल गर्ने ६ वटा | |

निर्माण व्यवसायीको बोलपत्र विभिन्न कारण जनाइ फेल गरेको र सबैभन्दा बढी कबोल गर्नर्को बोलपत्र स्वीकृत गरेको देखिन्छ । सामान्य कारण जनाइ घटी कवोल गर्नेको बोलपत्र स्वीकृत नगरी बढी कवोल गर्नेको बोलपत्र स्वीकृत गरेकोले उक्त मुल्यांकन कार्यमा मिलेमतो छैन भन्न सक्ने आधार रहेन ।सार्वजनीक खरिद ऐन २०६३ को दफा २३,२४ र २५ मा बोलपत्र स्वीकृत गर्दा सो ऐनमा व्यबस्था भए अनुसार मुल्यांकन गरेको पाइएन । पालिकाले गरेको बोलपत्र मुल्यांकनको चार्ट निम्नानुसार छ ।

| वोलपत्र दाता | कवोल अंक (मु.अ.कर समेत) | कैफियत |
|---|---|---|
| दिव्य निर्माण सेवा प्रा.लि. डोल्पा | ३०९९८१८।४४ | कम्पनीका मालिकको नागरिकता प्रमाणपत्र नभएको |
| वि एण्ड वि विल्डर्श खलंगा १ जाजरकोट | ३८०८९६५।७६ | बैंक ग्यारेन्टीमा ठेगाना गलत उल्लेख |
| श्रृष्टी निर्माण सेवा डोल्पा | ४३४९१५३।५६ | कम्पनीका मालिकको नागरिकता प्रमाणपत्र नभएको |
| यु एण्ड आइ निर्माण सेवा ठुलिभेरी ३ डोल्पा | ४६६६२११।४५ | वर्क सेड्युअल पेश नभएको |
| दि आइ कोर कन्सक्ट्रन त्रिपुरासुनुदरी ७ | ५८९८४५०।९७ | वर्क सेड्युअल पेश नभएको |
| कृष्ण निर्माण एण्ड ढुवानी सेवा | ७१२८१५० | स्व घोषणापत्रमा मिति गलत राखेको |
| छल निर्माण सेवा | १०४६१७७२।०१ | कुनैपनी कैफियत |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>त्रिपुरासुन्दरी ७ डोल्पा</td><td></td><td>नभएको ।</td></tr></table> माथि उल्लेखित मुल्यांकन चार्ट अनुसार सबै भन्दा घटी कबोल गर्ने दिव्या निर्माण सेवा प्रा.लि. डोल्पा र तेश्रो घटीवाला श्रृष्टी निर्माण सेवा डोल्पाको कम्पनी मालिकको नागरीकता प्रमाणपत्र नभएको भनी फेल गरेको देखिन्छ ।अन्य सबै विबरण ठिक भएको वि एण्ड वि विल्डर्श खलंगा १ जाजरकोट को बैंक ग्यारेन्टीमा ठेगाना गलत भनेकोमा सम्बन्धीतले पेश गरेको बैंक ग्यारेन्टीमा ठेगाना जानकी ६ बाँके रहेकोले हटाएको छ ।कैफियत उल्लेख गर्दा उक्त बोलपत्रमा भाग नलिएको सम्झना कन्सट्रनको डकुमेन्टमा फरक ठेगाना रहेको उल्लेख छ ।<br>उक्त मुल्यांकन अनुसार कम्पनीको मालिकको नागरिकता प्रमाणपत्र नभएको भनी पहिलो र तेश्रो घटीवाला जुनको कबोल अंक छनौट भएको बोलपत्र भन्दा प्रथम को रु ७३६१९५३।५७ र तेश्रोको रु ६११२६१८।४५ रहेकोमा सोहि आधारमा सम्बन्धीतको बोलपत्र स्वीकृत नगर्नु उपयुक्त देखिएन । | |
| ८३.३ | | | <u>**कबोल अंक भन्दा बढीमा सम्झौताः**</u> उक्त निर्माण कार्यको लागी छनैट भएको छल निर्माण सेवा त्रिपुरासुन्दरी ७ डोल्पा ले कबोल गरेको अंक रु १०४६१७७२।०१ (मुअकर र पिएड समेत) भएकोमा मिति २०७९।३।६ मा सम्झौता गर्दा रु १०८२६८९०।८६ (मु.अ.कर ,पि.एसर कन्टेन्जेन्सी समेत) मा गरेकोले कबोल अंक भन्दा रु३६५११८।८५ बढि रकमको सम्झौता गरेको देखिन्छ । सो कार्यको प्रथम तथा अन्तिम विल वापत भौ.न. मिति १५८।०७९।३।२५बाट रु ५३१५३६७ भुक्तानी दिएको छ । कार्यसम्पन्न प्रतिवेदन अनुसार भएको काम रु ९०९५३५७।०१(मु.अ.करबाहेक ) रहेकोमा सम्बन्धीत निर्माण व्यबसायीले पेश गरेको कर विजक नम्बर २।०७९।३।२४ मा रु १०२६७२९२।३७ (मु.अ.कर समेत)रहेको छ सो कार्यको भुक्तानीका लागी मिति २०७९।३।२४ मा उठेको स्वीकृत टिप्पणी अनुसार भुक्तानी हुन बाँकी रकम रु ५६९३८८७ राखेकोले नियमानुसार भुक्तानी हुन बाँकी रहेको रु ४९५१९२५।३७ भन्दा रु ७४१९६१।६३ बढी रहेको छ । पालिकाले उक्त कार्यका लागी रकम नछुट्याएकोले भुक्तानी दिन बाँकी रहेको भनाइ रहेको छ । यसरी कवोल अंक भन्दा बढीको सम्झौता गरी खुद भुक्तानी हुने रकम भन्दा बढी भुक्तानी हुने गरी टिप्पणी सदर गरेकोले बढी रकम घटाइ भुक्तानी दिनुपर्ने देखिएको रु | ७४१,९६१.६३ |
| ८३.४ | | | <u>मुल्य अभिबृद्धि कर कट्टीः</u> उक्त निर्माण कार्यका निर्माण व्यबसायीले पेश गरेको विजक रकम रु १०२६७२९२।३७ | ३०८,२९२ |

<table>
<tr><td></td><td></td><td></td><td>(मु.अ.कर समेत )भएबाट सो को मु.अ.कर रकम रु ११८११९३ हुने देखिन्छ । आर्थिक ऐन २०७८ ले व्यबस्था गरे अनुसार सरकारी कार्यालयले २०७८।२।१६ देखि को ठेक्का वा करार अन्तर्गत को भुक्तानीमा मु.अ.कर रकमको ३० प्रतिशतले हुने रकम कट्टि गरी सम्बन्धीत राजस्व शिर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाइ दिनुपर्ने उल्लेख छ । पालिकाले नियमानुसार हुने ३० प्रतिशत मुअकर रु ३५४३५८ कट्टि नगरी रु ४६०६६ कट्टि गरेकोले रु ३०८२९२ घटि कट्टि गरेको छ । तसर्थ उक्त कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा अशुल गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>८४</td><td></td><td></td><td>मुअकर नन्फाइलर<br><br>नन्फाइलर – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।
<table>
<tr><td>भौ मिति</td><td>भुक्तानी पाउनेको नाम</td><td>P.A.N.नम्बर</td><td>विजक रकम/भुक्तानी रकम</td><td>मु अ कर रकम</td><td>नन्फाइलर रहेको मिति</td></tr>
<tr><td>१।०७९।३।२३</td><td>कुशेश्वर जिनिस जे.भि. डोल्पा</td><td>६१५९६७६७१</td><td>३८२४८९१।५७</td><td>४४००३२</td><td>२०७८ एम २</td></tr>
<tr><td>१५८।०७९।३।२५</td><td>दिव्या निर्माण सेवा दुनै डोल्पा</td><td>६०९६४६९९७</td><td>३९१९६८९</td><td>४५०९३८</td><td>२०७८ एम ५</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>८९०९७०</td><td></td></tr>
</table></td><td>८९०,९७०</td></tr>
</table>

<table>
<tr>
<td>८५</td>
<td></td>
<td></td>
<td>
अग्रीम कर घटि कट्टीः<br><br>
आयकर ऐन २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रीम कर कट्टा गर्नुपर्ने व्यबस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार कट्टी गर्नुपर्ने अग्रीम कर कट्टी नगरि घटी कट्टी गरेको पाइएकोले नपुग कर रकम अशुल एवं दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>भौ न मिति</th><th>विवरण</th><th>मुअकर बाहेक भुक्ती रकम</th><th>करको दर</th><th>लागत कर</th><th>कट्टी</th><th>घटी कर</th></tr>
<tr><td>३९।०७८।९।९</td><td>विभिन्न सामान खरिद</td><td>१७५३६२५</td><td>१.५ प्रतिशत</td><td>२६३०४</td><td>२२९९०</td><td>३३१४</td></tr>
<tr><td>९८।०७८।१२।२७</td><td>ग्यास चुलो सिलिण्डर खरिद कृतिका कन्ट्रक्सन एण्ड सम्लायर्स प्रा.लि. त्रिपुरासुन्दरी १ डोल्पा</td><td>२२५४९९६</td><td>१.५ प्रतिशत</td><td>३३८२५</td><td>३३८९</td><td>३०४३६</td></tr>
</table>
</td>
<td>४१,२०७</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१६०।०७९।३।२५</td><td>D.P.R खर्च भुक्तानी नेपाल डिजायन सेल एण्ड इन्जिनियरिङ सर्भिस सुर्खेत</td><td>१४९१३१७</td><td>१.५ प्रतिशत</td><td>२२३७०</td><td>१४९१३</td><td>७४५७</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>४१२०७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८६</td><td></td><td></td><td>सक्कल विजक पेश नभएको:<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले रित पूर्कको कर वीजक बेगर कम्लेक्स स्टडि एण्ड रिसर्च सेन्टर हनुमानथान काठमाडौबाट मु.अ.कर रु. ४६०१८ समेत रु. ४००००० सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.</td><td>४६,०१८</td></tr>
<tr><td>८७</td><td></td><td></td><td>मुअकर घटी कट्टीः<br><br>आर्थिक ऐन २०७८ ले गरेको व्यबस्था अनुसार सरकारी कार्यालयले मिति २०७८।२।१६ देखि ठेक्का वा करार अन्तर्गत को भुक्तानीमा रहेको मुल्य अभिबृद्धि कर रकमको ३० प्रतिशत कट्टि गरि सम्बन्धीत राजस्व शिर्षकमा जम्मा गर्नुपर्ने र बाँकी रकम सम्बन्धीत फर्म लाइ भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले देहायको भुक्तानीमा नियमानुसार कट्टा गर्नुपर्ने भन्दा घटि मुल्य अभिबृद्धि कर कट्टि गरेको पाइयकोले उक्त कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा अशुल गर्नुपर्ने रु
<table>
<tr><td>भौ.न मिति</td><td>भुक्तानी</td><td>P.A.N.</td><td>भुक्तानी</td><td>मु.अ.कर</td><td>३०</td><td>कट्टी</td></tr>
</table>
</td><td>२०६,४५०</td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td></td><td>पाउनेको नाम</td><td>नम्बर</td><td>रकम</td><td>रकम</td><td>प्रतिशत रकम</td><td>रकम</td></tr>
<tr><td>१५६।०७९।३।२५</td><td>छल नि.से. अर्डर सप्लायर्स त्रि.सु.</td><td>६१२७४३८८७</td><td>४१८०६८०</td><td>४८०९६३</td><td>१४८२८९</td><td>३६३२३</td></tr>
<tr><td>१६०।०७९।३।२५</td><td>नेपाल डिजायन सेल एण्ड इन्जिनियरिङ सर्भिस सुर्खेत</td><td>६१५८०५९०२</td><td>१६८५१८८</td><td>१९३८७१</td><td>५८१६१</td><td>७५६०</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>८८</td>
<td></td>
<td></td>
<td>सोधभर्ना सम्बन्धमाः<br><br>१०१।०७८।१२।२९ बैकल्पिक उर्जा केन्द्र बानेश्वर काठमाडौ र पालिका विच भएको सहमति अनुसार उर्जा केन्द्रले छनौट भएका उपभोक्ता हरुलाइ १ हजार वटा आधुनिक चुलो उपलब्ध गराउने उल्लेख छ । उक्त चुलोमा सरकारले अनुदान दिएकोले अनुदान बाहेकको रकम उपभोक्ताले व्यहोर्नुपर्ने देखिन्छ । त्यसरी उपभोक्ताले व्यहोर्नुपर्ने रकम चुलो वितरण संगै उपभोक्ता बाट सोधभर्ना लिने गरि यस भौचर बाट बैकल्पिक उर्जा प्रवर्धन केन्द्र बानेश्वरलाइ रु १६७१२७० भुक्तानी दिएको छ । लेखापरीक्षण अवधी सम्म उक्त चुलो वितरण गरेको भरपाइ तथा रकम सोधभर्ना लिइ पालिकामा आम्दानी बाँधेको देखिएन ।तसर्थ सम्झौता अनुसार चुलो वितरण गरेको भरपाइ पेश गर्नु पर्ने तथा पालिका बाट खर्च लेखिएको रकम सोधभर्ना गर्नुपर्ने रु</td>
<td>१,६७१,२७०</td>
</tr>
<tr>
<td>८९</td>
<td></td>
<td></td>
<td>पुर्व निर्धारित क्षेतिपुर्तीः<br><br>सार्वजनीक खरिद नियमावलि २०६४ को नियम १२१ (क) अनुसार सेवा प्रदायक वा निर्माण व्यबसायीको ढिलाइको</td>
<td>६६२,२३२</td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | कारण खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा लेखिएको म्याद भित्र सम्पन्न हुन नसकेमा निजले सार्वजानीक निकायलाइ सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी साधारण तथा प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पुर्व निर्धारित क्षतिपुर्ति दिनुपर्ने उल्लेख छ । निलपहिरा हुदै छल सडक स्तरोन्नती को कार्यका लागी छल निर्माण सेवा एण्ड अर्डर सप्लायर्स त्रिपुरासुन्दरी ७ संग मिति २०७८।४।११ मा रु ७१४६४६३।४० (मुल्य अभिबृद्धि कर बाहेक ) को सम्झौता भएकोमा सो कार्य मिति २०७८।१०।११ मा सम्पन्न गर्नुपर्ने देखिन्छ । सो कार्यको कार्यस्वीकार प्रतिबेदन पेश नभएको तर अन्तिम विल तयार भइ कबोल अंक बराबर कै काम भएको विजक जारी भएकोले उक्त कार्य सम्पन्न भएको देखिन्छ । उक्त कार्यको म्याद नथपिएको र मिति २०७९।३।२४ मा कर विजक जारी गरेको पाइएकोले ढिला कार्य सम्पन्न भएको देखिन्छ । उक्त कार्य कहिले सम्पन्न भएको हो नखुल्ने तथा म्याद थप समेत नभएकोले कार्य सम्पन्न गर्ने अवधी मिति २०७८।१०।११ गते देखि विजक जारि गरेको मिति २०७९।३।२४ सम्म १६४ दिनको प्रतिदिन रु ४०३८ ले रु ६६२२३२ पुर्व निर्धारित क्षतिपुर्ति तिर्नुपर्ने देखिन्छ । यसरि पुर्वनिर्धारित क्षतिपुर्ति लगाउनु नपर्ने कारण भए पेश गर्ने अन्यथा नियमानुसार असुल गर्नुपर्ने रु | |
| ९० | | | **कार्यसम्पादन जमानत को म्याद थप बारेः**<br><br>सार्वजानीक खरिद नियमावलि २०६४ को नियम ११० (४) अनुसार कार्यसम्पादन जमानतको मान्य अवधी त्यस्तो सम्झौतामा उल्लेखित मालसामान आपुर्ति वा हस्तान्तरण गर्नुपर्ने अवधी वा प्रत्याभुति (वारेन्टी) को अवधी वा निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधी भन्दा कम्तिमा १ महिना बढी अवधीको हुनुपर्ने उल्लेख छ । निल पहरा हुदै छल सडक स्तरोन्नतीको कार्यको कार्यसम्पन्न गर्ने मिति २०७८।१०।११ सम्म रहेकोले कार्य सम्पादन जमानत को म्याद मिति २०७९।११।१० सम्मको हुनुपर्ने देखिन्छ । तर उक्त कार्यका निर्माण व्यबसायी छल निर्माण सेवाले पेश गरेको रु ४३८००० को कार्य सम्पादन जमानत को म्याद मिति २०७९।३।३२ सम्मको मात्र रहेकोले घटी अवधीको जमानत पेश गरेको देखिन्छ । तसर्थ नियमानुसार हुने मिति २०७९।११।१० सम्मको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने देखिएको | ४३८,००० |
| ९१ | | | **ढुवानी खर्चः**<br><br>७३।०७८।११।१ वाइल्ड याक ट्राभल्स एण्ड टुर्स प्रा लि बौद्ध काठमाडौको विजक नः २५ (७ अगस्ट २०२१) को रु २००००० र विजक नः २६६ १८ डिसेम्बर २०२१ को रु ७०००० समेत रु २७०००० को फोटोकपी विल राखि ढुवानी खर्च | २५०,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | वापत यस भौचरबाट रु २५०००० खर्च लेखिएको छ । पेश भएका विजक Shiva Salik Nirman उपभोक्ता समिति त्रिपुरासुन्दरीका नामका काटिएकोले पालिकाबाट यस्तो ढुवानी खर्च लेख्न मिल्ने देखिदैन । अर्कोको नामका काटिएको विलको फोटोकपी राखी ढुवानी खर्च भुक्तानी लिने बाट सो रकम अशुल गरी आम्दानी बाँध्नुपर्ने रु | |
| ९२ | | | **ठेक्का न ६।०७८।०७९ खदाङ देखि लाहा सम्मको मोटरबाटो स्तरोन्नतीः**<br><br>यस सम्बन्धमा निम्न अनुसारका व्यहोराहरु देखिएका छनः | |
| ९२.१ | | | **<u>लागत अनुमानमा फरकः</u>** सार्वजनीक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने सम्बन्धमा उल्लेख छ । सोहि नियमको उपनियम ७ मा निर्माण कार्यको लागत अनुमान अनुसुची १ को ढाँचामा तयार गर्नु पर्ने भन्ने छ ।त्यसरी लागत अनुमान तयार गर्दा कामका लागी लाग्ने श्रम सामाग्री भाडाका साथै निर्माण व्यवसायी को ओभरहेड जोडेर लागत अनुमान तयार गर्ने उल्लेख छ । लागत अनुमान तयार गर्दा दर विश्लेषणमा मुल्य अभिबृद्धि कर राख्न मिल्ने देखिदैन तर पालिकाले दर विश्लेषण गर्दा नै मुल्य अभिबृद्धि कर समेत राखि कामको मुल्य निकालेको र पछि पुनः मुल्य अभिबृद्धि कर थप गरेकोले लागत अनुमान गलत तयार भएको छ ।सो कार्यको लागत अनुमान रु ७०३६७५२।१५ (मुल्य अभिबृद्धि कर, कन्टेन्जेन्सी र पि.यस. बाहेक) उल्लेख भएको र मुल्य अभिबृद्धि कर र प्रोभिजनल सम समेत रु ८०५१५३० उल्लेख गरेकोले वास्तविक हुनुपर्ने भन्दा रु ९१४७७८ बढीको लागत अनुमान तयार भएको छ ।उक्त निर्माण कार्यको कबोल अंक लागत अनुमान बराबर नै भएकोले वास्तविक हुने खर्च भन्दा बढी खर्च भएको छ ।यसरी गलत लागत अनुमान तयार गरी बोलपत्र आह्वान गरेकोनियमसम्म नदेखिएको रु | ९१४,७७८ |
| ९२.२ | | | **<u>कवोल अंक भन्दा बढीमा सम्झौताः</u>** उक्त निर्माण कार्यको लागी छनौट भएको निर्माण व्यवसायीले कवोल गरेको रकम रु ८०६२६७८।६७ (VAT,PS समेत ) भएकोमा सम्झौता गर्दा रु ८३४२७७३।४९ (कन्टेन्जेन्सी समेत) को गरेकोले रु २८०० ९५ बढी रकमको सम्झौता भएको देखिन्छ ।नियमानुसार कन्टेन्जेन्सी रकम समेत जोडी सम्झौता गर्न मिल्दैन ।उक्त ठेक्काको कार्य सम्पन्न रकम रु ७८८६८४०।७२ (VAT समेत ) भएकोमा भौ.न. १५८।०७९।३।२५ बाट रु ३९१९६८९ भुक्तानी भएको पाइयो । बाँकी रकम भुक्तानी का लागी उक्त कार्यका निर्माण व्यबसायी दिब्य निर्माण सेवा लाइ भुक्तानी दिन बाँकी रु ४५६३१६३ उल्लेख गरी टिप्पणी आदेश स्वीकृत भएको छ ।यसरी नियमानुसार भुक्तानी | ४२०,१७३ |

दिन बाँकी राख्नु पर्ने रकम भन्दा रु ४२०१७३ बढी को टिप्पणी स्वीकृत भएको छ ।यसले गर्दा अर्को बर्ष उक्त कार्यको रकम भुक्तानी गर्दा बढी भुक्तानी हुनसक्ने भएबाट सो रकम घटाइ भुक्तनी बाँकी विवरण तयार गर्नुपर्ने रु

९३

**ठेक्का सम्बन्धी विवरणः**

सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ ।पालिकामा बोलपत्रको माध्मबाट सञ्चालित ठेक्काको विवरण निम्नअअनुसार रहेको छ ।

| **क्र(स)** | **ठेक्का न) (आ.व.सहित)** | **निमांण व्यवसायीको नाम** | **कामको विवरण** | **ठेक्का अंक भ्याटसमेत** | **भुक्तानी भ्याटसमेत** | **शुरु गर्नु पर्ने मिति** | **सम्पन्न गर्नुपर्ने मिति** | **सम्पन्न अवस्था** |
|---|---|---|---|---|---|---|---|---|
| **१** | TM/NCB/03/076-78 | रेलिगर बुद्ध हिमाली जे भि | नगर अस्पताल | ३५७६६।२२ | | २०७८।०२।२४ | २०८०।०८।२४ | शुरु नभएको |
| **२** | TM/NCB/02/076-78 | कुशेश्वर जिनिव जेभि | नगर प्रशासकिय भवन | १३३०८।९४ | ३२१८।५७ | २०७७।१२।१२ | २०७८।०५।१२ | निर्माण भैरहेको |
| **३** | TM/NCB/01/076-78 | तामाकोशी/ जनमुखी जे भि | नगर सभा भवन | २५०३४।४९ | | २०७७।११।०५ | २०७८।१।५ | निमार्ण भैरहेको |
| **४** | TM/MCB/01/076- | संम्झना | त्रिपुराकोट | ३६४७।६४ | ३४९७।५९ | २०७७।०४।२८ | २०७७।०९।२८ | सम्पन्न |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | 78 | कन्स्ट्रक्शन | गल्लि हुदै करेलीकाँडाँ सडक | | | | | |
| ५ | TM/MCB/02/077-78 | छल निर्माण सेवा | निलापहिरा तामेगाड हुदै छल सडक स्तरउन्ती | ८०७५।५० | ७९८०।६८ | २०७८।४।११ | २०७८।१०।११ | सम्पन्न |
| ६ | TM/MCB/06/078-79 | छल निर्माण सेवा | हरियापानी पालाङ् पोकेपानी हुदै रुकुम सम्म सडक | १०८२६।८९७ | ५३१५।३६ | २०७९।०३।०३ | २०७९।०३।३१ | सम्पन्न |
| ७ | TM/MCB/05/078-79 | दिव्या निर्माण सेवा | खदाङ् ल्हाँ सडक स्तरउन्ती | ८३४२।७७ | ३९१९।६० | २०७९।०३।०३ | २०७९।०३।३१ | सम्पन्न |
| ८ | TM/MCB/07/078-79 | दि आइ कोर कन्स्ट्रक्शन | खदाङ् बार्थिङ् सेन्टर | २८१३.५२६ | २६७३.४६ | २०७९।०३।०३ | २०७९।०३।३१ | सम्पन्न |

| | | | | |
|---|---|---|---|---|
| ९४ | | | **बार्षिक खरिद योजना/गुरुयोजना :** <br><br> सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए | |

| | | | | |
|---|---|---|---|---|
| | | | बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १७२१४९८८६ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ९५ | | | **बीमाः**<br><br>सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम ११२ को उपनियम १-घ_ मा रु १० लाख भन्दा बढी मुल्यको काम गर्ने निर्माण व्यवसायीलाई निर्माण स्थल सुम्पिएको मिति देखी हस्तान्तरण प्रमाणपत्र जारी गरिने मिति सम्मको तथा त्रुटीसच्याउने अवधी**(DLP)** सम्म समेटिएको बीमा गराउनु पर्ने उल्लेख छ।पालिकाबाट सञ्चालित कुनै पनि योजनाको विमा गराएको देखिएन । यसरी विमा नगरी योजना सञ्चालन गर्दा आकस्मिक रुपमा आइपर्ने जोखिम बाट हुने क्षति वहन गर्न कठिन पर्दछ र उक्त क्षतिपूर्ति आफैले वहन गर्नुपर्ने हुन्छ । यसैले पालिकाले प्रत्येक रु १०लाखभन्दाबढीमुल्यको योजनाको अनिवार्य विमा गराउनु पर्दछ । | |
| ९६ | | | **सार्वजनिक परीक्षणः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रर्वद्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ९७ | | | **गुणस्तर परीक्षण -**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु | |

| | | | | |
|---|---|---|---|---|
| | | | पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| ९८ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नम्र्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नम्र्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ९९ | | | **लागत सहभागिताः**<br><br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| १०० | | | **धरौटी कट्टी नगरेकोः**<br><br>सार्वजानीक खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद कार्यको विल अलवा विजकको भुक्तानी सम्बन्धमा | १,४७०,५१६ |

उल्लेख छ । सोही नियमको उपनियम (४) मा सार्वजानिक निकायले उपनियम (१)बमोजिम भुक्तानी गर्दा रिटेन्सन मनी वापत रनिङ वा अन्य विल वा विजकमा उल्लेखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नपर्नेछ भन्ने उल्लेख छ ।पालिकाले निम्न अनुसारका निर्माण कार्यको रकम भुक्तानी गर्दा नियममा भएको व्यवस्था अनुसारको धरौटी कट्टी गरेको पाईएन नियममा भएको व्यबस्थाको पालना नगरी भुक्तानी गरेको धरौटी वापतको रकम अनियमित देखिएको रु

| भौ मिति | कामको विवरण | भुक्तानी पार्टी | विजक रकम | धरौटी रकम |
|---|---|---|---|---|
| १।०७९।३।२३ (संघ तर्फ) | पालिका भवनको दोश्रो रनिङ विल | कुशेश्वर जि.सि. जे.भि. | ३८२४८९१।५७ | १६९२४३ |
| १५८।०७९।३।२५ (पालिका तर्फ) | हरियापानी देखि माझफाल हुदै रुकुम सडक निर्माण | छल निर्माण सेवा डोल्पा | १०२६७२९२।३७ | ४५४३०५ |
| १५८।०७९।३।२५ | खदाङ देखि लाहा मोटर बाटो | दिव्या निर्माण सेवा डोल्पा | ७८८६८४०।७१ | ३४८९७५ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१६।०७९।३।२५</td><td>बर्थिङ सेन्टर निर्माण</td><td>दि आइ कोर कन्ट्रक्सन त्रिपुरासुन्दरी ७ डोल्पा</td><td>२६७३४६०</td><td>११८२९५</td></tr>
<tr><td>९८।०७८।१२।२७</td><td>ग्याँस चुलो सिलिण्डर खरिद</td><td>कृतिका कन्ट्रक्सन एण्ड सम्लायर्स प्रा.लि. त्रिपुरासुन्दरी १ डोल्पा</td><td>२५४८१४५</td><td>११७३६३</td></tr>
<tr><td>१०६।०७९।१।१६</td><td>ग्याँस चुलो सिलिण्डर खरिद</td><td>वुदाल कन्ट्रक्सन एण्ड सम्लायर्स त्रिपुरासुन्दरी ९ डोल्पा</td><td>१७४८०८८</td><td>७७३४९</td></tr>
<tr><td>१५६।०७९।३।२५</td><td>निल पहिरा हुदै छल सडक</td><td>छल निर्माण सेवा त्रिपरासुन्दरी ७</td><td>४१८०६८०</td><td>१८४९८६</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१४७०५१६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०१</td><td></td><td></td><td>उपभोक्ता समितिलाई सिमाभन्दा बढीको कार्य:</td><td></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु. १ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । तर पालिकाले निम्न योजनाको लागत अनुमान वनाई नियमावलीमा तोकिएको सिमा भन्दा वढीको कार्य उपभोक्ता समितिबाट गराएको पाइयो ।
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>लागत अनुमान</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>६२|२०७९|३|२५</td><td>उच्च पहाडी एवम् हिमालि क्षेत्र समृद्धि कार्यक्रम उपभोक्ता समिति</td><td>घर निर्माण</td><td>२५०१५११४.७५</td><td>१२५०००००</td></tr>
<tr><td>६१|२०७९|३|२५</td><td>एकीकृत वस्ती विकास सिढी तथा सार्वजनिक शैचालय निर्माण उपभोक्ता समिति</td><td>सिढी निर्माण र शौचालय निर्माण</td><td>१२३८८३९५.८९</td><td>६२५००००</td></tr>
<tr><td>४२|२०७९|३|१३</td><td>छलमा एकीकृत वस्ती विकास कार्यक्रम उपभोक्ता समिति</td><td>शौचालय निर्माण र वस्ती विकास</td><td>१२५५७१६४.३८</td><td>६२५००००</td></tr>
</table>
सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था विपरीत हुने गरी यस्ता ठुला आयोजना निर्माणको कार्य उपभोक्ता समितिबाट नगरी प्रतिस्पर्धात्मक र मितव्ययी हुने गरी बोलपत्रको माध्यमबाट हुनुपर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>१०२</td>
<td></td>
<td></td>
<td>मर्मत सम्भार कोष कट्टीः</td>
<td>९००,०००</td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | सशर्तको शिर्षकमा आएको रकम बाट तोकिएको प्रतिशतमा कन्टिन्जेन्सी बाहेक अन्य कुनै पनि प्रकारको कट्टी गर्न पाउने व्यवस्था छैन। पालिकाले नगर सभाले निर्णय गरेको सशर्त रकममा मर्मत सम्भार कोष कट्टी गर्ने गरेको पाइयो । यसरी नियमावलीमा भएको व्यवस्था विपरीत निम्न योजनामा कट्टी गरेको मर्मत सम्भारको रकम सम्बन्धीत निकायमा फिर्ता गर्नुपर्ने रु | |

| सि न | योजनाको नाम | मर्मत सम्भार कट्टी रकम |
|---|---|---|
| १ | निला पहिरा देखि रङ्ग सम्म साना सडक स्तर उन्नती निर्माण | १००००० |
| २ | रुम देखि रसि सम्म सडक स्तरोन्नती | ८७५०० |
| ३ | कटल चौर देखि हुम सम्म सडक स्तर उन्नती | ८७५०० |
| ४ | उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम | ३१२५०० |
| ५ | एकीकृत वस्ती विकास सिढी तथा सार्वजनिक शैचालय निर्माण | १५६२५० |
| ६ | छलमा एकीकृत वस्ती विकास कार्यक्रम | १५६२५० |
| जम्मा | | ९००००० |

| | | | | |
|---|---|---|---|---|
| १०३ | | | **जलवायु परिवर्तन कार्यक्रम (LAPA) को आम्दानी खर्चः** | |

| सि न | योजनाको नाम | अनुदान रकम | पालिकाको अशं | कार्य सम्पन्न प्रतिवेदन अनुसार कूल काम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | रसीगाउँ कृषि योग्य जमिन पहिरो नियन्त्रण निर्माण | ३०००००० | ६००००० | ४०७१६६९ |
| २ | रगं सिचाई आयोजना निर्माण | १४००००० | ३००००० | १८७०२५३ |
| ३ | खालीछहरा लघु जलविद्युत मर्मत तथा हिराघट्ट तटबन्धन आयोजना निर्माण | २६००००० | ७५०००० | ३७०४३३४ |
| ४ | वालुवाकूना तटवन्धन निर्माण तथा रल्ली पहिरो नियन्त्रण निर्माण | ३२२४००० | ८००००० | ४५५६५३६ |
| ५ | लोका धुपीरुप तटवन्धन निर्माण | ८००००० | २००००० | १११९२२७ |
| जम्मा | | ११०२४००० | २६५०००० | १५३२२०१९ |

| | | | | |
|---|---|---|---|---|
| १०३.१ | | | · खालीछहरा लघु जलविद्‌युत मर्मत तथा हिराघट्ट तटबन्धन आयोजना निर्माण कार्यको कार्यसम्पन्न वापत रु १८२४८०० मात्र भुक्तानी भएको छ । यस योजनाको बाकी रकम रु ७७५२०० लोका धुपीरुख तटवन्धनमा भुक्तानी गरेको छ ।यस योजनाको बाकी रकम र पालिकाको अशं भुक्तानी दिन बाकी राखि अर्को वर्ष भुक्तानी दिने भन्ने कार्यालयको भनाई रहेको छ ।यसरी एउटा योजनाको लागि छुट्‌याएको रकम अर्को योजनाको लागि भुक्तानी गरेको कार्य नियमसम्मत नदेखिएको रु | ७७५,२०० |
| १०३.२ | | | लोका धुपीरुप तटवन्धन निर्माण कार्यको कार्यसम्पन्न वापत अन्तिम भुक्तानी दिदाँ पालिकाको अशं वापतको रकम रु २००००० पनि NCCSP को बजेटबाट भुक्तानी भएकोले पालिकाले उक्त रकम फिर्ता गर्नुपर्ने रु | २००,००० |
| १०३.३ | | | · रसीगाउ कृषि योग्य जमिन पहिरो नियन्त्रण निर्माण कार्यको कार्यसम्पन्न वापत अन्तिम भुक्तानी दिदाँ पालिकाको अशं वापतको रकम रु ६००००० पनि NCCSP को बजेटबाट भुक्तानी भएकोले पालिकाले उक्त रकम फिर्ता गर्नुपर्ने रु | ६००,००० |
| १०४ | | | **ल्याव टेष्ट नगरेको :** | २,०२०,३४६ |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ मा स्पेसिफिकेसन तथा तोकिएको गुणस्तर बमोजिम भए नभएको निरीक्षण परीक्षण गरी आम्दानी बाँध्नु पर्ने व्यवस्था छ । पालिकामा सञ्चालित जलवायु परिवर्तन कार्यक्रम (LAPA) अन्तर्गत निम्न योजनाको लागि उपभोक्ता समितिले निम्न प्रकारका उच्च गुणस्तर अर्थात Heavy coated तार जाली खरिद गरेकोमा उक्त तारजाली सो गुणस्तरको भएको ल्याव टेष्ट गरेको छैन । अत: ल्याव टेष्टको प्रमाण पेश हुनु पर्ने रु
<table>
<tr><th>सिन</th><th>योजनाको नाम</th><th>सामान</th><th>विक्रेता</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रसीगाउँ कृषि योग्य जमिन पहिरो नियन्त्रण निर्माण</td><td>Gabion box (1.5*1*1)= 128<br>(2*1*1)=116<br>(2.5*1*1)=28</td><td>कोहिनुर इन्फ्रास्ट्रकचर प्रा ली</td><td>८६०६७५</td></tr>
<tr><td>२</td><td>लोका धुपीरुप तटवन्धन निर्माण</td><td>Gabion box (1.5*1*1)= 67<br>(2*1*1)=33</td><td>खड्का हार्डवेयर एण्ड सप्लायर्स</td><td>४२७९२९</td></tr>
<tr><td>३</td><td>खालीछहरा लघु जलविद्युत मर्मत तथा हिराघट्ट तटबन्धन आयोजना निर्माण</td><td>Gabion box (1.5*1*1)= 99<br>(2*1*1)=86</td><td>रोहित इन्टरप्राइजेज</td><td>७३१७४२</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>१०५</td>
<td></td>
<td></td>
<td>निर्माण व्यावसायीले कर विजक पेश नगरेको:<br><br>मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४ मा दर्ता भएको विक्रेताले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाइ</td>
<td>१,८३४,५२७</td>
</tr>
</table>

अनिवार्य विजक दिनुपर्ने व्यवस्था छ भने दफा १८ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्मले रितपुर्वकको कर विजक जारी गर्नुपर्दछ । पालिकाले देहायका उपभोक्ता समितिलाई सडक निर्माण वापत रकम भुक्तानी गर्दा मेशीन प्रयोग गरी कार्य गरेको देखिन्छ । उपभोक्ता समितिले कार्य गरेवापत निर्माण व्यावसायी सँग डोजरको सम्झौता गरी उक्त निर्माण व्यावसायी लाई भर्पाईको आधारमा रकम भुक्तानी गरेको छ ।तसर्थ उक्त मेशिन वापत खर्च भएको मूल्य अभिवृद्धि कर र मूल्य अभिवृद्धि कर ऐन २०५२ अनुसार लाग्ने जरीवाना समेत हिसाव गरी संघिय संचित कोषमा दाखिला गर्नेपर्ने रु.

| **गो.भौ.नं. र मिति** | **उपभोक्ता समिति** | **मेसिनको रकम भुक्तानी लिनेको नाम** | **मेशिन प्रयोग भै भुक्तानी भएको रकम रु.** | **मूल्य अभिवृद्धि कर** |
|---|---|---|---|---|
| ५८।२०७९।३।२२ | निला पहिरा देखि रङ्ग सम्म साना सडक स्तर उन्नती निर्माण | जनक वि सी | १७४९००० | २०१२१२ |
| ६९।२०७९।३।२५ | रुम देखि रसि सम्म सडक स्तरोन्नती | बुध वहादुर वुढा | ९०२०००० | १०३७६९९ |
| ६७।२०७९।३।२५ | कटल चौर देखि हुम सम्म सडक स्तर उन्नती | उल्लेख नभएको | ३२३७५०० | ३७२४५५ |
| ७।२०७८।११।५ | चुगाड देखि लिकु सम्म सडक मर्मत | उल्लेख नभएको | ९०२४७८ | १०३८२४ |
| ७।२०७८।११।५ | लिकु देखि हुम रोड मर्मत | उल्लेख नभएको | ५३२९१९ | ६१३०९ |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>७।२०७८।११।५</td><td>त्रिपुरा खदाङ्ग सडक मर्मत</td><td>उल्लेख नभएको</td><td>५०४३९८</td><td>५८०२८</td></tr>
<tr><td colspan="3">कूल</td><td>१५९४६२९५</td><td>१८३४५२७</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>१०६</td>
<td></td>
<td></td>
<td>
पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च:<br><br>
पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. ३३९०२१२ भुक्तानी दिएको पाईयो ।
<table>
<tr><th>सि न</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>लोकेन्द्र शाही</td><td>मेयर कप प्रतियोगिता</td><td>२३७५००२</td></tr>
<tr><td>२</td><td>खातिखोला लघु जलविद्युत आयोजनाका</td><td>यस आयोजनाका २ जना कर्मचारीलाई तलब</td><td>३२०२५०</td></tr>
<tr><td>३</td><td>रामचन्द्र थकाली</td><td>अमरसिह आवि शिक्षक तलब भत्ता</td><td>४८४९६०</td></tr>
<tr><td>४</td><td>विविध</td><td>वडा न ७ का ७ वडा योजनाबाट रु ३० हजारका दरले रकम कट्टी गरेर चालु खर्च</td><td>२१००००</td></tr>
</table>
यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।
</td>
<td></td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| १०७ | | | **विलभर्पाई वेगर भुक्तानीः**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को (५) मा सार्वजनिक रकम खर्च गर्दा उक्त खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ ।सशर्त पूँजीगतको ४०।२०७९।३।१३ बाट महिला सशक्तिकरण केन्द्रले झोलुङ्गे पूलको परामर्श वापत कूल लागत अनुमानको ६ प्रतिशत सम्म रकम सेवा परामर्श भनी पाउने व्यवस्था भएकोमा यस भौचरबाट रु १५०००० भुक्तानी र रु १२६००० पेश्की फर्स्यौट गरी रु २७६००० खर्च लेख्दा उक्त खर्चलाई पुष्टी गर्ने कागजात उपलब्ध नभएकोले प्रमाण पेश गर्नुपर्ने रु | २७६,००० |
| १०८ | | | **ढुवानी कर कट्टी नगरेकोः**<br><br>निला पहिरा देखि रङ्ग सम्म साना सडक स्तर उन्नती निर्माण वापत भुक्तानी गर्दा ढुवानी गरेको रकममा नियमअनुसार लाग्ने कर २.५ प्रतिशत कट्टा नगरी भुक्तानी भएको छ ।समितिले जाजरकोट देखि त्रिपूराकोट सम्म ट्रक मार्फत सामान ढुवानी वापत चालक डण्डविर रानालाई रकम भुक्तानी गर्दा रु ३२०००० को कर रु ८००० र ट्याकटर चालक मिलन के सी ढुङ्गा ढुवानी वापत रु ३५०००० को कर रु ८७५० गरी रु १६७५० कट्टी नगरी भुक्तानी दिएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु | १६,७५० |
| १०९ | | | **लाभग्राहीको नाम नविकरण :**<br><br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१) मा उल्लेखित समयाबधी भित्र सम्बन्धीत पालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ।सो कार्यविधिको उपदफा २ मा यसरी नविकरण नगर्ने लाभग्राहिले पछिल्लो आवमा भत्ता नपाउने उल्लेख गरेकोमा यस पालिकाले सोको परिपालना गरेको पाइएन ।कार्यविधिको पालना गर्नेतर्फ कार्यलयले ध्यान दिनुपर्दछ। | |
| ११० | | | **प्रतिवेदन पेश गर्नुपर्ने :**<br><br>सामाजिक सुरक्षा नियमावली २०७७ को नियम २९(१) मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची -६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको | |

| | | | | |
|---|---|---|---|---|
| | | | सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेछ । पालिकाले नियमको पालना गर्ने विषयमा ध्यान दिनुपर्ने देखिन्छ । | |
| १११ | | | **विवरण पठाउनु पर्ने :**<br><br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ अनुसूची ८ को शर्त ६ अनुसार गाउँपालिका र नगरपालिका बाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने ब्यवस्था रहेकोमा पालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा जम्मा भएको विवरण प्राप्त भएको देखिएन।कार्यविधिको पालनामा ध्यान दिनुपर्दछ । | |
| ११२ | | | **सामाजिक सुरक्षाः**<br><br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले सामाजिक सुरक्षा भत्ता ३ वटै चौमासिकमा रु. ४२१००९१८ रकम बैकिङ प्रणाली मार्फत लाभग्राहीको बैक खातामा वितरण गरेको देखियो । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ । | |
| ११३ | | | बेरुजू लगत तथा सम्परीक्षणः<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | |

## संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
| --- | --- | --- |
| १ | यसमा उल्लेखित बेरुजु रु९९९९९।०० को प्रमाण पेश गर्नुपर्नेमा रु९६०००।०० को मात्र प्रमाण पेश भएकाले बाँकी रु३९९९।०० को प्रमाण पेश नभएकाले प्रतिक्रियाबाट हटाईएको बेरुजुमा यस बेरुजु कायम गरिएकोले बाँकी प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल दाखिला गर्नुपर्ने रु | 3999.00 |